सङ्क्रामक रोगबाट बचौं र बचाऔं ।
- गर्मी मौसममा मलेरिया, कालाजार, डेङ्गु, हैजालगायतका विभिन्न सङ्क्रामक रोगहरू फैलिन सक्छन् ।
त्यसैले,
- सङ्क्रामक रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- सङ्क्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खानेकुरा नखाऔं,
- घरभित्र र वरपरको सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
epratEEkdaily.com

जनहितमा जारी सन्देश
- हावाहुरीबाट बच्न घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्याल–ढोका बन्द गरौं,
- छतका गमला सुरक्षितरूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला नछाडौं,
- सवारीसाधनमा रहँदा हावाहुरी चलेमा सवारीसाधन रोकेर सुरक्षित स्थानमा बसौं ।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ असार २४ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 July 08 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३०६

# सरकारले पालिकाहरूको अनुदान कटौतीमा सुधार गऱ्यो
# सात प्रतिशत मात्र अनुदान कट्टा गरेर बजेट पठायो

प्रस, वीरगंज, २३ असार/

सङ्घ सरकारले पालिकाहरूको बजेट कटौती गरेकोमा केही थप गरेर पठाएको छ । चालू आवको बजेटमा सरकारले पालिकालाई प्रदान गर्दै आएको बजेटमा करीब २५ प्रतिशत अनुदान सहयोग कटौतीको घोषणा गरेको थियो । तर असार १९ गतेसम्म सरकारले सो कटौती अनुदान सहयोगमा परिवर्तन गरी सात प्रतिशत मात्र अनुदान सहयोगमा कटौती गरेर बाँकी रकम पालिकाहरूमा पठाएको छ ।

कोष तथा लेखा नियन्त्रक कार्यालय, पर्साले पालिकाहरूमा सात प्रतिशत मात्र बजेट कटौती गरेर बाँकी बजेट असार १९ गतेसम्म पठाइसकिएको जनाएको छ । वीरगंज महानगरपालिकाले सरकारबाट पाउनुपर्ने अनुदान सहयोगबापतको वार्षिक बजेट एक अर्ब ३३ करोड २० लाख सात हजारमध्ये सात प्रतिशत कटौती भएर एक अर्ब तीस करोड ३५ लाख ५९ हजार प्राप्त गरेको जनाएको छ ।

यसैगरी, पोखरिया नगरपालिकाले ३३ करोड ४७ लाख ९३ हजार पाउनुपर्नेमा ३२ करोड चार लाख ३३ हजार प्राप्त गरेको छ । पर्सागढी नपाले ३३ करोड १४ लाख ८३ हजारमध्ये ३२ करोड १२ लाख ७१ हजार, बहुदरमाई नपाले ३२ करोड ७८ लाख ८३ हजारमध्ये ३३ करोड ५५ लाख १० हजार, छिपहरमाई गाउँपालिकाले २५ करोड ८० लाख ३२ हजारमध्ये २४ करोड ४९ लाख दुई हजार, जगरनाथपुर गापाले २९ करोड २२ लाख ८३ हजारमध्ये २८ करोड १३ लाख २३ हजार, धोबिनी गापाले २१ करोड ४० लाख ८३ हजारमध्ये २० करोड ४० लाख १९ हजार, पकाहामैनपुर गापाले २१ करोड ७९ लाख ८३ हजारमध्ये २० करोड ३४ लाख ५५ हजार, पटेर्वासुगौली गापाले २२ करोड २४ लाखमध्ये २१ करोड ४७ लाख तीन हजार प्राप्त गरिसकेका छन् ।




यसैगरी, विन्ध्यवासिनी गापाले २२ करोड २४ लाखमध्ये २१ करोड ४७ लाख तीन हजार, सखुवाप्रसौनी गापाले ३३ करोड १७ लाख ९५ हजारमध्ये ३१ करोड ७२ लाख १५ हजार, ठोरी गापाले २९ करोड ८१ लाख २३ हजारमध्ये २८ करोड ६८ लाख ११ हजार, कालिकामाई गापाले २२ करोड ५८ लाख ४५ हजारमध्ये २१ करोड ८४ लाख ८४ हजार र जीराभवानी गापाले २३ करोड २६ लाख ९१ हजारमध्ये २१ करोड ६२ लाख ९९ हजार ७०२ बुझिसकेको कोलेनिका, पर्साले उपलब्ध गराएको तथ्याङ्कमा जनाइएको छ । चालू आवमा सरकारले पर्सा जिल्लाका चारवटा पालिकाको लागि चार अर्ब ८९ करोड ७२ लाख ६४ हजार अनुदान सहयोग घोषणा गरेकोमा सात प्रतिशत कट्टा गरी चार अर्ब ७० करोड ८८ लाख ७३ हजार ७०२ निकासा गरिसकेको पनि कोलेनिका, पर्सा जानकारी दिएको छ ।

## बजेट आएपछि पालिकाहरूमा भुक्तानी लिनेहरूको भीड

सरकारले २५ प्रतिशत अनुदान कटौती गर्दा रोकिएको बजेट अहिले सरकारले सात प्रतिशत अनुदान कटौती गरी पठाउँदा पर्सा जिल्लाका विभिन्न पालिकाहरूले यस प्रकारले अनुदान सहयोग प्राप्त गरेका छन् ।

वीरगंज महानगरपालिका २५ करोड ३० लाख ८३ हजार २३०, पोखरिया नपा छ करोड ३६ लाख १० हजार ७७०, पर्सागढी नपा छ करोड २९ लाख ८१ हजार ७७०, बहुदरमाई नपा छ करोड ६० लाख ९७ हजार ७७०, छिपहरमाई गापा चार करोड ९० लाख ३६ हजार ८०, जगरनाथपुर गापा पाँच करोड ५५ लाख ३३ हजार ७७०, धोबिनी गापा चार करोड छ लाख ७५ हजार ७७०, पकाहामैनपुर गापा चार करोड १४ लाख १६ हजार ७७०, पटेर्वासुगौली गापा चार करोड ८९ लाख ९३ हजार ९७०, विन्ध्यवासिनी गापा चार करोड २२ लाख ५६ हजार, सखुवाप्रसौनी गापा छ करोड ३० लाख ४१ हजार ५०, कालिकामाई गापा चार करोड २९ लाख १० हजार ५५०, ठोरी गापा पाँच करोड ६६ लाख ४३ हजार ३३० र जीराभवानी गापा चार करोड ४२ लाख ११ हजार २९० रुपैयाँ प्राप्त गरेको कोलेनिका, पर्साले जनाएको छ ।

२५ प्रतिशत अनुदान कटौती हुँदा पालिकाहरूको बजेट प्रभावित भएको थियो । अहिले ९३ प्रतिशत बजेट विनियोजन गरेर सात प्रतिशत मात्र काट्दा थुप्रै पालिकामा असार मसान्तको बिल भुक्तानी पाउन भीड लागेको छ । यस अघि यो अनुदान सहयोग कटौती गरेको कारण असार मसान्तमा हुने विकास निर्माण कार्य रोकिएको थियो । यस अघि नै भएका विकास निर्माण कामको भुक्तानी नहुँदा थप विकास निर्माणका काम प्रभावित भएका थिए । अहिले असार १९ अघिसम्म पालिकाहरूमा भुक्तानीको भीड नभए पनि सोपछि कोलेनिकाबाट प्राप्त रकमबारे हल्ला चलेपछि अहिले वीरगंज महानगरसमेत पर्सा जिल्लाका १४ वटै पालिकामा भुक्तानीको लागि ठेकेदारलगायत मानिसहरूको भीड बढेको छ ।

## नारायणी सिंचाइको साढे चार करोड रकम फ्रीज



तस्वीरः फाइल

प्रस, परवानीपुर, २३ असार/

नारायणी सिंचाइ व्यवस्थापन कार्यालय, गण्डक, वीरगंजको करीब साढे चार करोड रकम फ्रीज भएर जलस्रोत तथा सिंचाइ मन्त्रालयलाई फिर्ता पठाउनुपरेको छ ।

विभिन्न प्राविधिक कारणले सो रकम फिर्ता पठाउनुपरेको कार्यालयका प्रमुख मनोरञ्जन सिंहले जानकारी गराए । बारा जिल्ला, आदर्श कोतवाल गाउँपालिका–७ मा पर्ने जमुनी खोलाको तटबन्ध निर्माण एवं १७ बिघा जग्गा मुआवजाबापतको रकम प्राविधिक समस्या समाधान नहुँदा फिर्ता गर्नुपरेको उनले बताए ।

कार्यालयले जग्गाको मुआवजा सम्बन्धमा बैंक तथा पालिकालाई दररेट निर्धारण गर्न पत्राचार गरे तापनि सम्बन्धित निकायबाट दररेट नआउँदा जग्गा अधिग्रहणमा समस्या आएको उनले बताए । जग्गा अधिग्रहण नहुँदा मुआवजाको लागि दिने रकमसमेत फिर्ता भएको उनको भनाइ छ ।

त्यसैगरी, सोही स्थानका चार/पाँच जना किसानले गैरकानूनीरूपमा जग्गा अधिग्रहण गर्न लागेको भन्दै नेपाल सरकार, सिंचाइ मन्त्रालय, नारायणी सिंचाइ व्यवस्थापन कार्यालयविरुद्ध अन्तरिम आदेश आएको कारणले पनि काम गर्न नसकिएको कार्यालय प्रमुख सिंहको भनाइ छ ।

त्यसैगरी, तटबन्ध निर्माण कार्यको ठेक्कामा पनि विभिन्न समस्या हुँदा रकम फ्रीज भएर फिर्ता गर्नुपरेको उनको भनाइ छ ।

यी सबै समस्या समाधान भएको खण्डमा आगामी आवमा मन्त्रालयबाट सो रकम प्राप्त गरी काम गर्ने तयारीमा कार्यालय रहेको उनले बताए ।

## कृषि ज्ञान केन्द्र, पर्सामा पटकपटक हाकिम परिवर्तन हुँदा तीन करोड फ्रीज



तस्वीरः फाइल

प्रस, परवानीपुर, २३ असार/

जिल्लास्तरमा किसानसँग प्रत्यक्ष सरोकार राख्ने सरकारी कार्यालयको रूपमा कृषि ज्ञान केन्द्रलाई चिनिन्छ । तर कृषि ज्ञान केन्द्र, पर्साको चालू आवमा करीब तीन करोडभन्दा बढी रकम फ्रीज भएको बुझिएको छ ।

काम गर्न नसकेर सो रकम फ्रीज भएको किसानहरू बताउँछन् । चालू आवको शुरूमा कार्यालय प्रमुखमा मुनिलालप्रसाद रौनियार, त्यसपछि शङ्कर साह, हरिशङ्कर जयसवाल कार्यालय प्रमुखको रूपमा जिम्मेवारीमा थिए । रौनियार र साहले केही काम गरे तापनि जयसवालको अवधिमा अख्तियारी पनि नआएकोले उनले केही काम गर्न सकेनन् । त्यसपछि वैशाख ३ गते कृषि ज्ञान केन्द्रको प्रमुखमा कपिलदेवप्रसाद कुशवाहा आए । प्रदेश निर्देशनालयबाट कार्यालय प्रमुखमा आउँदा प्रदेश सरकार मातहत कृषि मन्त्रालय हेर्ने भूमि, कृषि तथा सहकारी मन्त्रालयले अख्तियारी दिए तापनि अनुमतिविना कार्यक्रम सञ्चालन नगर्नु भन्ने परिपत्र आएपछि योजना अगाडि सञ्चालन गर्न नसकेको उनको भनाइ छ ।

चालू आवमा मधेस प्रदेश मन्त्रालयले करीब छ महीनासम्म अनुमति लिएर मात्र काम गर्नु भनेर निर्देशन दिंदा योजना तथा कार्यक्रम सञ्चालन गर्न ढिलाइ हुँदा सम्बन्धित कार्यक्रमबाट सेवाग्राही वञ्चित भएको उनको स्पष्टीकरण थियो । करीब पाँच करोड वार्षिक बजेटमध्ये एक करोड ६० लाखको अनुदानमा आधारित स्यालो टच्युबवेल, १४ लाख बराबरको प्राङ्गारिक मल वितरण कार्यक्रमलगायत खुद्रा योजनाहरू गरी करीब दुई करोडको मात्र काम भएको र बाँकी तीन करोड फ्रीज भएको उनले स्पष्ट पारे । उनले योजना तथा कार्यक्रम छोटो समयमा तीव्ररूपमा सञ्चालन र पूरा गर्न दक्ष जनशक्तिको अभावले गर्दा नसकिने भएर यस वर्षको करोडौं बजेट फ्रीज भएको जानकारी दिए ।

## गहवामाईको दोस्रोपटक रथयात्रा


तस्वीरः प्रतीक

प्रस, वीरगंज, २३ असार/

गहवामाई मन्दिर पुनर्निर्माणको १२ वर्ष पुगेको अवसरमा आइतवार दोस्रोपटक रथयात्रा निकालिएको छ । गत वर्षदेखि शुरू भएको रथयात्रामा ठूलो सङ्ख्यामा भक्तजनहरू सहभागी भएका थिए ।

रथयात्रा माईस्थान मन्दिरबाट शुरू भएर नगरपरिक्रमा गरी सोही ठाउँमा आएर समापन भएको थियो । भोलि सोमवार साँझ महाप्रसाद वितरण गरिने छ भने आज साझ आरती पूजाको गरिएको थियो ।

रथयात्राको तयारी लामो समयदेखि भइरहेको थियो र आज ठूलो सङ्ख्यामा भक्तजनहरू सहभागी भए । महानगरले रथयात्राको अवसरमा आज विद्यालय बन्द गरेको थियो । रथयात्राको शोभा बढाउन मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंह आएका थिए । कार्यक्रममा रथयात्रा समितिका संयोजक श्यामकुमार पोखरेल, नगरप्रमुख राजेशमान सिंहलगायतको सहभागिता थियो ।

## आयात नबढेसम्म मलको समस्या हट्दैन–प्रमुख पाण्डे

प्रस, परवानीपुर, २३ असार/

धानबाली लगाउने अहिले मुख्य सिजन हो । तर किसानले भने रासायनिक मल पाइरहेका छैनन् । माग बमोजिमको आपूर्ति नहुनाले प्रत्येक वर्ष किसानले बाली लगाउने बेलामा यो समस्या झेल्दै आउनुपरेको छ । यस वर्ष पनि पर्साका किसानले माग अनुसारको मल पाउन सकेका छैनन् । वीरगंज–१८ सुखचैनाका मन्द्रिका साहले मलको लागि वडा कार्यालय र विभिन्न सहकारी चहार्दासमेत मल नपाएको गुनासो गरे । उनले यो समस्या यस वर्ष मात्र होइन प्रत्येक वर्ष भोग्नुपरेको बताए ।




उनले यस विषयमा कृषि सामग्री कम्पनी लिमिटेडमा गएर कार्यालय प्रमुख

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

सानो परिवर्तनले पनि ठूलो फरक पार्न सक्छ ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल |
| समाचार सम्पादक | : | राजाप्रसाद कुर्मी (आरके) |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# अभिभावक सचेत हुन जरुरी

**देशभरमा विनाइजाजत सञ्चालनमा रहेका विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको भविष्य अन्धकारमा पर्ने भएको छ । सम्बन्धित निकायबाट विद्यालय सञ्चालनको इजाजत नलिएर देशभर ठूलै सङ्ख्यामा विद्यालयहरू सञ्चालनमा छन् । शुरूमा यो समस्या सामुदायिक विद्यालयहरूमा पनि थियो । विद्यालयमा आउने अनुदान सहयोग हात पार्नका लागि सामुदायिक विद्यालय दर्ता गरिने तर सञ्चालनमा नआए पनि सरकारी अनुदान सहयोग लिने गरेका थिए । यस्ता विद्यालयहरूलाई झोले विद्यालय भनिने गरिन्थ्यो । सरकारले शिक्षामा ठूलो लगानी गर्दै आएको छ र त्यही लगानीको दुरुपयोग गर्नेहरूको पनि कमी छैन । सामुदायिक विद्यालयहरूको खोजी कार्य शुरू भएपछि झोले विद्यालयहरूको रहस्योद्घाटन भएको थियो । विद्यालय सञ्चालन नगरी दर्ताको आधारमा सरकारी अनुदान सहयोग लिंदै आएकाहरूको भण्डाफोर भयो। सञ्चालनमा रहेका विद्यालयहरूको गणना शुरू भयो अनि सोहीअनुरूपको अनुदान सहयोग वितरण भइरहेको छ ।**

**अहिले पनि विद्यालयमा आउने अनुदान सहयोगको सदुपयोग भइरहेको छैन । केही शीर्षकहरूमा अहिले पनि अनुदान सहयोगको रकमको दुरुपयोग जारी छ। पाठ्यपुस्तक, दिवा खाजा, भौतिक संरचना निर्माण, प्रविधियुक्त सामग्रीहरूको खरीद, शिक्षक नियुक्ति आदिमा अनियमितता हुने गरेका छन् । सामुदायिक विद्यालयहरूमा हुने अनियमिततालाई क्रमशः सुधार गर्ने प्रयास भइरहेको छ । अहिले शिक्षाको नियमनको जिम्मेवारी पालिकास्तरलाई छ। २०७४ सालदेखि पालिकास्तरमा शिक्षा क्षेत्र नियमन हुन थालेपछि केही सुधारका सूचकहरू नदेखिएका पक्कै पनि होइनन् तर जुन रूपमा सुधारको आशा गरिएको थियो, त्यो रूपमा हुन सकेको छैन । यसका विभिन्न कारणहरू हुन सक्छन । शिक्षामा भएको यो विकृतिलाई न्यूनीकरण गर्ने अभियानमा वर्तमान शिक्षामन्त्रीले राजनीतिक दलका सदस्य भएकाहरूविरुद्ध चालेको अभियान प्रशंसनीय छ। सबै पेशाकर्मी राजनीतिक दलका सदस्य भएका कारण अहिले कुनै पनि क्षेत्रबाट स्वतन्त्र कामकारबाहीको अपेक्षा लिन सकिने अवस्था छैन । अब कुरा गरौं, विनाइजाजत सञ्चालनमा रहेका विद्यालय र त्यसमा अध्ययनरत विद्यार्थीहरूको भविष्यका बारेमा। शिक्षा मन्त्रालयले यसो त २०७५ सालदेखि नै एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली लागू गरेको थियो तर चालू शैक्षिकसत्रदेखि यसलाई प्रभावकारी पारेकोले आगामी दिनमा दर्ताविनाका विद्यालयमा शिक्षा लिइरहेका विद्यार्थीहरूको अभिलेख मन्त्रालयमा नदेखिने र त्यस्ता विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको भविष्य खराब हुने देखिएको हो ।**

**खासगरी निजी विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरू यो प्रणालीको शिकार हुने देखिन्छ । पर्सा जिल्लामा पनि ठूलो सङ्ख्यामा दर्ताविनाका निजी विद्यालयहरू सञ्चालनमा छन् । कतिपय विद्यालय बर्सेनि अद्यावधिक हुनुपर्नेमा सो नगरी थप कक्षाहरू सञ्चालन गरिरहेका छन् । यसरी अनधिकृतरूपमा थप कक्षा सञ्चालन गर्नेहरूले अर्को विद्यालयको इजाजतपत्र प्रयोग गर्दै आएका छन्। तर आगामी दिनमा यस प्रकारका जालझेलका काम हुँदैनन् । मन्त्रालयमा सबै निजी विद्यालयको अद्यावधिक सूचीकृत गरिएको छ । अभिभावकहरूले विद्यालय दर्ता छन् कि छैनन् छन् भने कति कक्षासम्मको इजाजत लिएका छन, जान्न जरुरी छ ।**

# विद्यार्थी जीवनमा परिश्रमको महत्त्व

शिक्षा नेपाल




अनन्तकुमार लाल दास

anantlaldas@gmail.com


**यदि हामी आफ्नो देश, आफ्नो जाति वा स्वयं आफ्नो उन्नति चाहन्छौं भने हामीलाई परिश्रमी बन्नैपर्छ । आज हाम्रो देश नेपालमा परिश्रम प्रायः समाप्त हुँदै गइरहेको छ । सबै पाकेको खाना खान चाहन्छन्, पकाउन भने कोही तत्पर देखिंदैन ।**

कमिला एउटा यस्तो प्राणी हो जसको जीवन परिश्रमले भरिएको हुन्छ। उसमा ठूलो पर्वतलाई पनि सरलतापूर्वक नाघ्ने क्षमता हुन्छ। शायद नै कोही होला जसले कमिलालाई सुतिरहेको वा आराम गरिरहेको देखेको होला । कमिलाको श्रमले मानिसलाई लज्जित हुन बाध्य तुल्याएको छ। कमिला आकारमा स्यानो भए तापनि अनवरत श्रमरत रहन्छ। ऊ जीवनको जटिलतालाई श्रममार्फत बडो सजिलो तवरले समाधान गर्न सिपालु हुन्छ। यदि कमिलाले यसो गर्न सक्छ भने के मानिसले आफ्नो समस्याको समाधान श्रममार्फत गर्न सक्दैन ? यदि मानिसले चाहे ठूल्ठूला पर्वत भत्काएर सडक बनाउन सक्छ, ठूला नदीहरूलाई बाँधेर पुल बनाउन सक्छ, काँडाले भरिएको बाटोलाई सुगम बनाउन सक्छ । यसबाट के निष्कर्ष निस्किन्छ भने यस्तो कुनै कार्य छैन जो श्रमसाध्य नहोस् । नेपोलियनको शब्दकोषमा 'असम्भव' शब्द नै थिएन। यस कारण के भनिन्छ भने "देखकर बाधा विविध, बहु विघ्न घबराते नहीं, रह भरोसे भाग्य के, दुःख भोग पछताते नहीं, काम कितना ही कठिन हो किन्तु उकताते नहीं, भीड में चञ्चल बने जो धीर दिखलाते नहीं।" कर्मवीर, दृढप्रतिज्ञ मानिसहरूका लागि कुनै कुरो असम्भव छैन ।

परिश्रमी मानिस सधैं आफ्नो लक्ष्यप्रति जागरुक र अग्रसर भइरहन्छ। प्राकृतिक अवरोधले पनि उसको मार्गमा बिघ्न हाल्न सक्दैन। फल प्राप्त गर्न श्रम गरिरहेको मानिसले नै सफलता प्राप्त गर्दछ। वर्षभरि परिश्रम गर्ने विद्यार्थीले नै 'विशिष्ट श्रेणी' हासिल गर्न सक्छ । साधारण र न्यून आर्थिक अवस्थाका मानिस पनि श्रममार्फत उद्योगपति बनेका धेरै उदाहरण छ । श्रमबेगर अगाडि राखिएको प्लेटबाट खाना हाम्रो मुखमा आफैं प्रवेश गर्दैन। मुखमा प्रवेश गरेपछि दाँत र जिभ्रोको श्रमबाट नै त्यो खाना पेटमा जान्छ । भर्तृहरिले भनेका छन्– "उद्योगिनं पुरुषसिंहमुपैति लक्ष्मीः देवेन दयमिति कापुरुषाः वदन्ति। देवं निहत्य कुरूपौरूषमात्मशक्त्या, यले कृते यदि न सिद्धयति कोक्त्र दोषः ॥ यस श्लोकमा के भनिएको छ भने परिश्रम गर्ने मानिसलाई नै लक्ष्मीको प्राप्ति हुन्छ । 'ईश्वरले दिन्छन्' भन्ने भरोसा कायर मानिसमा मात्र हुन्छ। त्यसैले मानिसले यथाशक्ति परिश्रम गर्नुपर्छ । कोशिश गरेपछि पनि सफलता प्राप्त हुँदैन भने यसमा के कमी भयो भन्ने विचार गर्नुपर्छ।

जीवनमा सफलताका लागि परिश्रम अति आवश्यक हुन्छ। अल्छी र परिश्रम नगर्ने मानिस जीवनको कुनै पनि क्षेत्रमा सफलता हासिल गर्न सक्दैन । मानिस त्यो हो वा त्यस मानिसको जीवन सार्थक हुन्छ जसले आफ्नो, आफ्नो जाति, आफ्नो देशको विकास गर्छ । गतिको अर्को नाम जीवन हो । जुन मानिसको जीवनमा गति छैन त्यो मानिस अगाडि बढ्न सक्दैन र एक दिन आफू जन्मेको ठाउँमै सुखेर खस्छ। यस्ता मानिस त्यस्तो तलाउ हुन् जसमा न पानी कतैबाट प्रवेश गर्छ, न कतैबाट बगेर जान्छ। यात्री पनि त्यस्ता दुर्गन्धयुक्त पानी खान रुचाउँदैनन्। मानव जीवन सङ्घर्षका लागि हो । सङ्घर्षपछि प्राप्त सफलता स्थायी हुन्छ। गीतामा श्रीकृष्णले अर्जुनलाई भनेका छन्– "माम् अनुस्सर युद्धय च" अर्थात् मेरो स्मरण गर र संसारमा सङ्घर्ष गर, सफलता अवश्य प्राप्त हुन्छ। यदि सिंह आफ्नो गुफामा सुतेर बस्छ र खाना आफैं आएर मुखमा प्रवेश गर्छ भन्ने कल्पना गर्छ भने यो सम्भव छैन ।

यस कारण भनिएको छ–"उद्यमेन ही सिध्यन्ति कार्याणि न मनोरथैः, नहि सुप्तस्य सिंहस्य प्रविशन्ति मुखे मृगाः" अर्थात् जसरी सुतिरहेको सिंहको मुखमा हरिण आफैं प्रवेश गर्दैन त्यसैगरी कठोर परिश्रम गरेर नै कुनै काममा सफलता हासिल हुन्छ। भन्नुको अर्थ के हो भने जसले आफ्नो जीवनमा जति परिश्रम गर्दछ त्यसले त्यतिकै सफलता हासिल गर्छ। ईश्वरको इच्छा र भाग्यको भरोसा बस्नु कायर मानिसको लक्षण हो । यस कारण दूधमा जति चीनी मिसाइन्छ दूध त्यतिकै गुलियो हुन्छ । जीवनमा जसले जति परिश्रम गर्छ त्यतिकै सफलता पनि हासिल गर्छ। ईश्वरले पनि त्यसलाई नै मदत गर्छन् जसले आफ्नो काम आफैं गर्छ । अङ्ग्रेजीमा एउटा उखान छ– "God helps those who help th´selves."

परिश्रम गरेर मानिसलाई आत्मिक शान्ति प्राप्त हुन्छ । उसको सङ्कल्प दृढ हुन्छ। व्यक्तिगत जीवनमा उसले चाहेको सबै कुरा प्राप्त गर्छ । जीवनमा उन्नति गर्नका लागि वर्तमानमा मानिसहरू राम्रो नराम्रो सबै गर्न थालेका छन् तर समृद्धिको शिखर त्यसैलाई प्राप्त हुन्छ जसले परिश्रमलाई सफलताको साँचो बनाउँछ। वर्तमानमा नेपालको जस्तो दशा छ त्यसको एकमात्र कारण यहाँका मानिसले परिश्रम गर्न नरुचाउनु हो । यदि यस्तै स्थिति रहयो भने हामीले प्राप्त गरेको स्वतन्त्रता पनि गुम्न बेर लाग्दैन। आज राष्ट्रलाई कठिन परिश्रम गर्ने जनशक्तिको खाँचो छ ।

जीवनमा वास्तविक सुख र शान्ति श्रमले नै प्राप्त हुन्छ। परिश्रमबाट फल प्राप्त भएपछि मानिसले आफूमाथि गर्व गर्छ । परिश्रम गर्ने मानिसलाई कहिले पनि कुनै कुराको अभाव हुँदैन। उसलाई कसैको अगाडि हात पसार्नुपर्दैन। उसलाई के विश्वास हुन्छ भने ऊ जे चाहन्छ त्यो श्रम गरेर प्राप्त गर्न सक्छ। यस कारण श्रम गर्ने मानिस आत्मनिर्भर हुन्छ । परिश्रम गरेर मानिसको हृदय पवित्र हुन्छ। यस कारण ऊ लोभी पनि हुँदैन। परिश्रम गर्ने मानिससँग गलत कुरा सोच्ने समय पनि हुँदैन। एउटा अर्को अङ्ग्रेजी उखान छ–"An ´pty mind is a devil's workshop" अर्थात् खाली दिमाग शैतानको कार्यशाला हो । जहाँ व्यस्तता छ त्यहाँ अनैतिक कार्यको लागि ठाउँ नै हुँदैन। जसरी ईश्वरको आराधना गरेर अन्तःकरण शुद्ध हुन्छ, त्यसैगरी परिश्रम गरेर मानिसको अन्तःकरण शुद्ध रहन्छ, किनभने उसको मन आफ्नो लक्ष्यतिर उन्मुख हुन्छ ।

परिश्रम गरेर मानिसलाई यश र धन दुवैको प्राप्ति हुन्छ। आफ्नो व्यापार दश रुपियाँबाट शुरू गरेर कठोर श्रमले गर्दा केही वर्षमा नै लखपति बनेका यस्ता कैयन उदाहरण छन्। परिश्रमी व्यक्तिले जीवित रहँदा र मरेर जाँदा पनि यशको प्राप्ति गर्छ। जीवित छँदा समाजमा उसले मान प्राप्त गर्छ र मरेर जाँदा उसको कीर्ति समाजमा गाइन्छ । उसले छोडेर गएको आदर्शमा हिंडेर भावी सन्ततिले पनि सफलता प्राप्त गर्छ । महापुरुषहरू यसका उदाहरण हुन् ।

एउटा उखान छ– 'स्वास्थ्य नै धन हो' तर यो स्वास्थ्य परिश्रमबाट नै प्राप्त हुन्छ। जो मानिस दिनरात परिश्रम गर्छ ऊ कहिले पनि बिरामी पर्दैन। यसविपरीत जो परिश्रम गर्दैन, ऊ सधैं बिरामी भइरहन्छ। जो काम गर्दैन, उसको हात र खुट्टा शक्तिहीन हुन्छ । यस्ता मानिस अल्छी र क्रोधी स्वभावका हुन्छन् । महापुरुषहरूले जीवनमा परिश्रमको महत्त्व बुझेको हुनाले नै सफल भएका हुन् । उनीहरूलाई के थाहा थियो भने परिश्रमबाट भौतिक सुखको साथसाथै आध्यात्मिक सुख पनि प्राप्त हुन्छ। श्री कृष्णलाई गाई चराउने के नै आवश्यकता थियो र ? कबीर लुगा बुन्ने, रैदास जुत्ता सिउने, जोन अफ आर्क भेंडा चराउने, खलीफा उमर खैयाम चटाई बुन्ने काम गर्दथे। रैमजे मैकडोनल्ड एउटा निर्धन श्रमिकबाट इङ्गल्यान्डको प्रधानमन्त्री बने, भारतका मदनमोहन मालवीय एउटा साधारण परिवारमा जन्मेर आफ्नो अथक परिश्रमले काशी हिन्दू विश्वविद्यालय जस्तो अभूतपूर्व संस्थाको निर्माण गरे ।

माध्यमिक शिक्षा परीक्षा २०८० को परीक्षाफलले के देखाएको छ भने यहाँका ६४ प्रतिशत विद्यार्थीहरूमा हरेक विषयमा ३५ प्रतिशत अङ्क हासिल गर्ने क्षमता छैन। पर्सा जिल्लामा ६४ प्रतिशत फेल हुँदा पनि ३४ प्रतिशत पास भएकोमा हामी खुशी मनाइरहेका छौं र के भनिराखेका छौं कि ग्रेड वृद्धि परीक्षामा त पास भइहाल्छन् नि ! विडम्बना के छ भने कोही पनि ६४ प्रतिशतको जिम्मेवारी लिन तयार छैन । एकले अर्कालाई दोषारोपण गरिरहेका छन्। यसबाट के प्रस्ट हुन्छ भने हामीले विद्यार्थीलाई परिश्रमी बन्ने प्रेरणा दिएनौं । गलत तरीकाबाट कसरी पास गरिन्छ भन्ने मात्र सिकायौं। शैक्षिक नीति पनि त्यस्तै बनायौं । फलस्वरूप आज यो परिणाम पायौं ।

यदि हामी आफ्नो देश, आफ्नो जाति वा स्वयं आफ्नो उन्नति चाहन्छौं भने हामीलाई परिश्रमी बन्नैपर्छ। आज हाम्रो देश नेपालमा परिश्रम प्रायः समाप्त हुँदै गइरहेको छ । सबै पाकेको खाना खान चाहन्छन्, पकाउन भने कोही तत्पर देखिंदैन। यदि हामी यस्तै स्थितिमा बसी रहयौं भने त्यो दिन टाढा छैन जब हामी हाफ्नो सर्वस्व गुमाउने छौं । पाश्चात्य सभ्यता र विकसित मुलुकले हामीलाई दास बनाउँदै गइरहेको छ। अरूको नक्कल गर्नुलाई नै हामीले आफ्नो वीरता ठान्न थालेका छौं । दिन प्रतिदिन हाम्रो हात र खुट्टालाई मेशीनको माध्यमले पङ्गु बनाउने काम गरिरहेको छ। हाम्रो सीप लोपोन्मुख अवस्थामा छ। परिणामस्वरूप देशमा बेराजगार फैलिरहेको छ। यस्तो लाग्दछ हामी आफ्नो लागि हैन, अरूका लागि शिक्षित भइरहेका छौं । हाम्रो कल्याण तबमात्र सम्भव हुन्छ जब हामी आलस्य त्यागेर आफ्नो काम, आफ्नो व्यवसाय, आफ्नो कृषि आदि सबै कार्य आफ्नो हातले गर्न थाल्छौं किनभने परिश्रम नै जीवन र आलस्य मरण हो।

# नेप्से परिसूचक दोहोरो अङ्कले बढ्यो

काठमाडौं, २३ असार/रासस

यो साता कारोबारको पहिलो दिन आइतवार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको वृद्धि देखिंदा कारोबार रकम छ अर्ब नाघेको छ । नेप्सेका अनुसार आज परिसूचक २१ दशमलव २७ प्रतिशतले बढेर दुई हजार १४० दशमलव ९७ बिन्दुमा कायम भएको हो ।

आज ३२५ कम्पनीका एक करोड ४० लाख १४ हजार ६२२ कित्ता शेयर ८० हजार ८३८ पटक खरीद–बिक्री हुँदा रु छ अर्ब २९ लाख ३१ हजार ८५४ बराबरको कारोबार भएको छ ।

विकास बैंक समूह शून्य दशमलव २४, वित्त समूह दुई दशमलव ०७ र व्यापार समूह दुई दशमलव २३ प्रतिशतले घटेका छन् भने अरू सबै समूहको उपसूचक बढेका छन् । बैंकिङ शून्य दशमलव ७८, होटल तथा पर्यटन दुई दशमलव ९६, जलविद्युत् शून्य दशमलव ०१, लगानी एक दशमलव ८५ र जीवन बीमा एक दशमलव ५२ प्रतिशतल बढेका छन् ।

उत्पादन तथा प्रशोधन एक दशमलव १७, लघुवित्त एक दशमलव ४६, म्युचुअल फन्ड शून्य दशमलव ३२, निर्जीवन बीमा एक दशमलव ३२ र अन्य समूहका उपसूचक दुई दशमलव २५ प्रतिशतले बढेका छन् ।

सिइडिबी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै पाँच दशमलव २५ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको रु २१ करोड ७१ लाख ४८ हजार ८०१ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको चार लाख ७५ हजार ७३० कित्ता शेयर किनबेच भएको छ ।

# ३४ लाख बाढीसम्बन्धी एसएमएस सम्प्रेषण

काठमाडौं, २३ असार/रासस

जल तथा मौसम विज्ञान विभागले २४ घण्टामा ३४ लाख एसएमएस सर्वसाधारणलाई सम्प्रेषण गरेको छ । विभागले नेपाल टेलिकम र एनसेलसँगको सहकार्यमा शनिवार मध्याह्न १२ देखि आइतवार १२ बजेसम्म मुलुकका विभिन्न स्थानमा परेको वर्षासँगै बाढी तथा पहिरोसम्बन्धी जानकारी दिन ३४ लाख बढीलाई एसएमएस सम्प्रेषण गरेको हो।

विभागका प्रवक्ता सुनील पोखरेलले बाढीबाट हुन सक्ने धनजनको क्षति न्यूनीकरण गर्ने लक्ष्यले जनचेतनाका लागि एकै दिनमा ३४ लाखको हाराहारीमा सर्वसाधारणलाई एसएमएस पठाएको जानकारी दिए ।

"बाढीको जोखिम भएका क्षेत्र आसपासमा बस्ने सर्वसाधारणलाई सचेत गराउन हामीले एसएमएस पठाएका हौं," उनले भने, "सर्वसाधारणको मोबाइलमा एसएसएस पठाएपछि जोखिममा परेका सुरक्षित स्थान जान सक्छन्, जोखिमयुक्त क्षेत्रमा आवतजावत गर्दा सचेतना अपनाउन सकिन्छ भनेर एसएमएस पठाउने गरेका छौं ।"

महानिर्देशक डा जगदीश्वर कर्माचार्यले यस वर्ष विभागले मनसुनजन्य घटना तथा जानकारीसम्बन्धी करीब ९० लाख एसएमएस सर्वसाधरणलाई पठाउने योजना बनाएको जानकारी दिए। "प्रत्येक दिन बिहान ६ र बेलुका ६ बजे मौसमी बुलेटिन प्रकाशन गर्छौं, यसले तीन दिनसम्मको मौसमसम्बन्धी जानकारी दिन सहयोग गरेको छ," उनले भने ।

"बाढी र वर्षासम्बन्धी जानकारीका लागि टोल फ्री नं ११५५ र उद्धार तथा मदत माग्न ११४९ नम्बरको व्यवस्था गरिएको महानिर्देशक कर्माचार्यले जानकारी दिए। बर्सेनि ९० लाख हाराहारीमा एसएमएस सम्प्रेषण गरेर मनसुनजन्य विपत्तिबाट हुने क्षति न्यूनीकरण गर्ने प्रयास गरेका भन्दै यस वर्ष पनि सोही मात्रामा सम्प्रेषण गरिने उनले बताए ।

महानिर्देशक कर्माचार्यले नेपाल टेलिकम र एनसेलले बाढीको पूर्वसूचना उपलबध गराउन निश्शुल्क एसएमएस प्रवाह गर्ने समझदारीपत्रमा हस्ताक्षर भएको बताए।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# निराशालाई अवसरमा परिणत गर्नुपर्छ –साह

– तपाईंको छोटो परिचय ?

\+ धन्यवाद, म सञ्जयकुमार साह । जीतपुरसिमरा नगर उद्योग वाणिज्य सङ्घको अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेश, बारा–पर्सा समितिको सभापति । विगतको उपमहानगरपालिकाको चुनावमा लोसपाबाट नगरप्रमुखको प्रत्याशी ।

– शिक्षा ?

\+ स्नातक गरेको छु ।

– तपाईंको बाल्यकाल कसरी बित्यो ?

\+ म एसएलसीसम्म वीरगंजकै त्रिजुद्ध माविमा पढें । प्रवीणता प्रमाणपत्र र स्नातक तह ठाकुर राम बहुमुखी क्याम्पसबाट गरें ।

– घरमा कोको हुनुहुन्छ ?

\+ बुबा भैरव साह, आमा रामपति । भर्खरै बित्नुभयो । दाइ, कान्छो भाइ, पत्नी, छोरा र छोरी छन् ।

– कुन पेशामा आबद्ध हुनुहुन्छ ।

\+ व्यवसाय र सामाजिक कार्यमा सक्रिय छु । राइस मिल र खाद्यान्नसम्बन्धी कारोबार गर्छु ।

– नेपालको अहिलेको अवस्थाबारे तपाईंको धारणा कस्तो छ ?

\+ अहिलेको परिदृश्य हेर्दा चारैतिर निराशाको अवस्था छ । तर निराशालाई अवसरमा कसरी परिणत गर्ने त्यसतर्फ हाम्रो ध्यान जानुपर्छ । जहाँ निराशा हुन्छ, आशा पनि त्यहीं हुन्छ । त्यस कारण म आशावादी छु । यो निराशाको बादल सधैं रहिरहनेछैन । एक दिन हट्छ । हामीले हटाउन पहल गर्नुपर्छ ।

– तपाईंलाई जीतपुर र बाहिरका मानिसले बौद्धिक, राजनीतिक र व्यवसायीका रूपमा चिन्छन्, यसरी कुन रूपमा लिनुहुन्छ ?

\+ साथी र शुभचिन्तकहरूको सदाशयता हो । आफूले बेस्ट दिने हो, त्यसको मूल्याङ्कन समाजले गर्छ । मैले राम्रो गरेको छु कि कमी–कमजोरी भएको छ भन्ने समाजले मूल्याङ्कन गर्ने कुरा हो । तर एउटा कुरा के भन्न चाहन्छु भने कुनै काम इमानदारीपूर्वक गर्दा त्यसको नतीजा राम्रो आउँछ । समाजले यसले राम्रो गऱ्यो भन्दा आफूलाई पनि गर्व हुन्छ ।

– तपाईं विभिन्न सङ्घसंस्थामा आबद्ध हुनुहुन्छ । अहिले जसरी नेता, राजनीतिकर्मीप्रति जनताको आक्रोश बढेको छ । नेताहरूले देश बिगारे, विकास गरेनन् । यस प्रश्नप्रति कसरी जवाफ दिनुहुन्छ ?



उद्योगी सञ्जय साह

\+ जनताले जसलाई विश्वास गर्छ उसलाई जिताएर पठाइरहेको छ । अधिकांश नेताहरूले जनताको विश्वासप्रति घात गरिरहेको म देख्छु । मलाई अब राजनीति गर्नुछैन । यही मौका हो, दुईचार पैसा जोड्ने भन्ने कुरा मनमा आयो भने जनताको भावनाको सम्बोधन हुन सक्दैन । यो अवसरवादी मानसिकता हो जुन समाजका लागि ठीक होइन । साथै नेतालाई गाली र आलोचना गर्ने जनतालाई पनि म के भन्न चाहन्छु भने अरूले तपाईंको गाउँ–ठाउँमा राम्रो गर्न सकिरहेको छैन भने तपाईंले पनि आफ्नो स्तरबाट गर्नुपर्छ । अर्कालाई गाली गरेर समस्या हल हुँदैन । सामाजिक सञ्जाल, चोक, चौतारोमा समस्या समाधानको लागि आलोचना गर्नुभन्दा आफ्नो स्तरबाट के गर्न सकिन्छ त्यतातिर सोचिदिए सही हुनेछ ।

– तपाईं प्रतिष्ठित व्यवसायी हुँदाहुँदै फोहोरी खेल भनिने राजनीतिमा किन आउनुभयो ?

\+ म व्यवसायी हुँ । व्यवसाय गरेर आत्मनिर्भर छु । घर परिवार चलाउँदै छु । समाजबाट मैले धेरै कुरा पाएको छु । अब समाजलाई दिनुपर्ने अवस्था आएको छ । व्यवसायी मात्र भएर समाजलाई चाहेजस्तो दिन कठिन छ । तर राजनीतिलाई अगाडि बढाएर नेतृत्व पङ्क्तिमा आएँ भने समाजलाई केही दिन सकिन्छ भनेर राजनीतिमा प्रवेश गरेको हुँ ।

– समाजको लागि के गर्न सक्नुहुन्छ ?

\+ अहिलेको स्थिति बेथिति छ, त्यसलाई परिवर्तन गर्न सकियो भने त्यहीं ठूलो कुरा हुन्छ ।

– विगतको चुनावमा तपाईंलाई जनताले किन पत्याएन ?

\+ यस्तो छ । त्यतिखेर म विनातयारी एकाएक चुनावमा होमिएँ । मैले लोसपाको चुनाव चिह्नबाट चुनाव लडें तर न पार्टी प्रवेश गरें, न सदस्यता नै लिएँ । चुनाव सन्निकट छँदा समाजकै सुझावमा नगरप्रमुखको उम्मेदवारी दिएर अचानक चुनावमा होमिएँ । मलाई थाहा थियो पहिलो प्रयासमा सफलता हासिल हुँदैन । त्यस कारण जति भोट आयो, मैले स्विकारें । त्यतिबेला मैले पाँच हजार भोट मैले प्राप्त गरेको थिएँ ।

– जीतको लागि कति चाहिन्छ ? आगामी चुनावमा पनि मेयरमा लड्ने हो कि ?

\+ मेयरमा जित्नको लागि १७–१८ हजार मत चाहिन्छ । अहिले म लोसपामा आबद्ध छैन, स्वतन्त्र छु ।

– आगामी चुनावमा कुन पार्टीबाट चुनाव लड्नहुन्छ ?

\+ अबको चुनावमा कुनै पार्टीको झन्डा बोकेर लड्दिनँ । फरक किसिमले चुनाव लड्छु ।

– स्वतन्त्र चुनाव लड्नुहुन्छ ?

\+ मैले विगत चुनावमा पनि स्थानीय चुनाव पार्टीरहित हुनुपर्छ भन्ने धारणा राखेको थिएँ । तर अहिले स्पष्ट पार्ने बेला आएको छैन । जुन बेला चुनाव हुन्छ, त्यति बेला म जनता समक्ष आफ्नो योजना, रणनीति र एजेन्डा सार्वजनिक गर्नेछु । हुन सक्छ म स्वतन्त्र नै चुनाव लडूँ ।

– अब तपाईंलाई जनताले किन पत्याउने ?

\+ मैले विगतमा लायन्स क्लब अफ जीतपुरसिमरामा एक वर्ष काम गरेको छु । रोटरी क्लब अफ वीरगंज मेट्रो पोलिसमा एक वर्ष काम गरेको छु । जीतपुरसिमरा नगर उद्योग वाणिज्य सङ्घमा मैले महत्त्वपूर्ण चार वर्ष काम गरेको छु । आज तीनवटा एम्बुलेन्स चलिरहेको छ । जीतपुर, सिमरामा भवन छ । अहिले देशभरि नै पहिचान हासिल गरेको छु । मेरो एउटा चाहना, भिजन छ त्यसमा जनताले अवश्य विश्वास गर्नेछ भन्ने मलाई आशा छ ।

– अहिलेको जीतपुरसिमरा उपमहानगरपालिकाको जनप्रतिनिधिहरूबाट कतिको सन्तुष्ट हुनुहन्छ ?

\+ स्थानीय स्रोत साधनको आधारमा यहाँको अभाव र आवश्यकता सम्बोधन हुनुपर्थ्यो, तर त्यो काफी छैन । त्यतिले पुगिरहेको छैन ।

– अन्तिममा के सुझाव दिनुहुन्छ ?

\+ काम गर्नुपऱ्यो । दुई कार्यकालको करीब पाँच सय करोडको बजेट चलाइसक्नुभएको छ । अब बच्यो तीनवटा बजेट । जनतालाई जवाफ दिने बेला आयो, तपाईंले केके काम गर्नुभयो । र आफ्ना प्रतिबद्धताहरू पूरा भए कि भएनन् । त्यसबारे पनि समीक्षा गर्ने बेला आएको छ ।

# बाढी, पहिरो र डुबानमा पुरिएर देशभर ४८ जनाको मृत्यु

काठमाडौं, २३ असार/रासस

अविरल वर्षाका कारण आएको बाढी पहिरालगायतका विपद्मा परी उपचार भइरहेको प्रहरीले जनाएको छ । कोशी प्रदेशमा ४१, गण्डकी प्रदेशमा १२ गरी जम्मा ५३ जनाको उद्धार




हालसम्म ४८ जनाले ज्यान गुमाएका छन् ।

गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएका बाढी र पहिरामा परी आइतवार दिउँसोसम्म ४८ जनाको मृत्यु भएको केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिए ।

बाढी, पहिरामा परी काठमाडौंमा एक, कोशी प्रदेशमा ११, मधेस प्रदेशमा दुई, बाग्मती प्रदेशमा दुई, गण्डकी प्रदेशमा १९, लुम्बिनी प्रदेशमा १०, कर्णाली प्रदेशमा दुई तथा सुदूरपश्चिम प्रदेशमा एकजनाको मृत्यु भएको छ ।

यसैगरी, बाढी, पहिरा तथा विपद्का कारण काठमाडौंमा तीन, कोशी प्रदेशमा ११, मधेस प्रदेशमा चार, बाग्मती प्रदेशमा चार, गण्डकी प्रदेशमा १८, लुम्बिनी प्रदेशमा दुई, कर्णाली प्रदेशमा ११ तथा सुदूरपश्चिम प्रदेशमा एक गरी जम्मा ५४ जना घाइते भएका प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

घाइतेहरूको स्थानीय अस्पतालमा गरिएको प्रवक्ता कार्कीले बताए ।

उनका अनुसार बाढी, पहिरामा परी कोशी प्रदेशमा तीन, बाग्मती प्रदेशमा दुई, गण्डकी प्रदेशमा एक तथा कर्णाली प्रदेशमा एक गरी सातजना बेपत्ता भएका छन् । यसैगरी, बाढीका कारण १२१ घर डुबानमा परेका छन् । जस अन्तर्गत ८२ वटा घर, ४६ वटा गोठ, ४१ वटा पुल, एक विद्यालय र दुईवटा सरकारी कार्यालयमा क्षति पुगेको प्रहरीले जनाएको छ । बाढी पहिरामैं परी १८८ वटा पशु चौपायाको मृत्यु भएको छ । उक्त अवधिमा विपद्का घटनाबाट एक हजार ५८ घरपरिवार विस्थापित भएका छन् ।

भारी वर्षाका कारण आज पनि देशभरकै जनजीवन प्रभावित भएको तथा कोशी, नारायणीलगायतका ठूला नदीमा जलसतह उच्च भएको प्रहरीले जनाएको छ । देशैभरि तीनवटै सुरक्षा निकाय हाई अलर्टका साथ प्रभावित क्षेत्रमा परिचालन भई खोज तथा उद्धार जारी राखेका प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

# मधेस प्रदेशमा एचआइभी सङ्क्रमित चार हजारभन्दा बढी

जनकपुर, २३ असार/रासस

मधेस प्रदेशमा चार हजार दुई सय ८७ जना एचआइभी सङ्क्रमितले नियमित औषधि सेवन गरिरहेका छन् ।

प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामले धनुषाको लालगढमा आयोजना गरेको तीनदिने प्रयोगशालासम्बन्धी प्रशिक्षण समापनमा एचआईभी सङक्रमितवारे उक्त तथ्याङ्क प्रस्तुत गरिएको हो ।

मधेस प्रदेश सरकारले एक सय ३६ पालिकामा प्रयोगशाला स्थापना गरेर सर्ने तथा नसर्ने रोगको नियमित रूपमा परीक्षण गरिरहेको प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामका प्रमुख एवं वरिष्ठ भाइरोलोजिष्ट डा श्रवणकुमार मिश्रले जानकारी दिनुभयो ।

उहाँले रोगको पहिचान तथा निदानमा प्रयोगशालाको भूमिका महत्त्वपूर्ण हुने बताउनुभयो । प्रदेश भर स्थापना भएका प्रयोगशालाबाट दीर्घ रोगको पहिचान तथा नियन्त्रण गरी प्रदेशवासीलाई स्वस्थ राख्ने अभियान सञ्चालन गरिएको उहाँले बताउनुभयो ।

मधेस प्रदेशका स्वास्थ्य आपूर्ति केन्द्रका निर्देशक डा मनिषकुमार पाण्डेले प्रदेशवासीलाई स्वस्थ बनाउन प्रयोगशालाको योगदान महत्त्वपूर्ण रहने धारणा राख्नुभयो ।

कार्यक्रमका प्रमुख प्रशिक्षक सन्तोषकुमार यादव र युनिसेफका चन्द्रनारायण साह रहनुभएको थियो । मधेश प्रदेशमा कोभिड–१९ का बेला स्थापना भएको प्रदेश जनस्वास्थ्य प्रयोगशालाले सेवा दिँदै आएको छ । अहिले सर्ने तथा नसर्ने रोगको सस्तो तथा सुलभ दरमा प्रदेश जनस्वास्थ्य प्रयोगशालाले परीक्षण गरिरहेको छ ।




**किरिया बसेकै ठाउँबाट गाउँपालिकाको काम गर्दै घिमिरेः** दूधपोखरी गाउँपालिकाका लेखा अधिकृत लमजुङ राइनास नगरपालिका–१ साहिंलिटार घर भएका नरेन्द्रराज घिमिरे आइतवार बिहान आफ्नो बुबाको किरिया बस्दै पालिकाको काम गर्दै । घिमिरेको बुबाको यही १९ गते निधन भएपछि २० गतेदेखि घिमिरेले घरमा किरिया बसेकै ठाउँबाट बजेट फ्रीज नहोस् भन्दै काम गर्दै आएका छन् । तस्बिरः जनक श्रेष्ठ/रासस

# बजेट संशोधनको माग गर्दै जसपा नेपालद्वारा मधेस प्रदेशसभा बैठक अवरुद्ध

जनकपुर, २३ असार/रासस

आगामी आर्थिक वर्षको बजेट संशोधनको माग गर्दै जनता समाजवादी पार्टी (जसपा) नेपालले मधेस प्रदेशसभा बैठक अवरुद्ध गरेको छ ।

आइतवरको बैठकमा बजेटबारे छलफल गर्ने कार्यसूची रहे पनि बैठक शुरू हुनासाथ जसपा नेपालका तर्फबाट प्रदेशसभा सदस्य राजुप्रसाद गुप्ताले असार १६ गते मुख्यमन्त्रीलाई बुझाइएका तीन बुँदे मागका बारेमा सरकारको आधिकारिक धारणा माग गरे । उनले बजेट संशोधनका लागि ध्यानाकर्षणपत्र बुझाउँदासमेत अहिलेसम्म सम्बोधन नभएकाले बैठक चल्न नदिने बताए ।

सभामुख रामचन्द्र मण्डलले गत शुक्रवारको बैठक अवरुद्ध भएपछि विनियोजन विधेयक–२०८१ संशोधन गर्ने सहमति भइसकेकाले बैठक सञ्चालनमा सहयोग गर्न आग्रह गरेका थिए । सांसद गुप्ताले बजेट संशोधनबारे छलफलपछि मात्रै बजेटबारे थप प्रक्रिया अगाडि बढ्ने बताएपछि जसपाका सबै सांसदले उठेर अवरोध जारी राखे ।

त्यसपछि सभामुख मण्डलले १० मिनेटका लागि बैठक स्थगित गरे ।

# सोमवारदेखि सरकारी खाता रोक्का, चालू आवको भुक्तानी हुने अन्तिम दिन पनि सोमवार

काठमाडौं, २३ असार/रासस

भोलि असार २४ गते मध्यरातदेखि सबै सरकारी खाता एक हप्ताका लागि बन्द हुने भएका छन् ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को व्यवस्था अनुसार महालेखा नियन्त्रक कार्यालय (मलेनिका), प्रदेश लेखा नियन्त्रक कार्यालय (प्रलेनिका) र सबै जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका)ले सञ्चालन गर्ने खाता बन्द गरिने मलेनिकाका प्रवक्ता ओमप्रसाद रिजालले जानकारी दिए ।

"सोमवार रातिदेखि स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र), एकल खाता कोष प्रणाली (टिएसए) र कम्प्युटरकृत सरकारी लेखा प्रणाली (सिगास) एक हप्ताका लागि बन्द हुनेछन्," रिजालले भने, "कानूनमैं उल्लेख भएको विषय भएकाले मलेनिकाले यस वर्ष प्रलेनिका र कोलेनिकालाई खाता बन्द गर्न परिपत्र गरेको छैन । तर भोलि रातिदेखि बजेट भुक्तानी हुँदैन ।" सङ्घ, प्रदेश तथा स्थानीय तहको बजेट भुक्तानी निकासाका लागि प्रयोग हुँदै आएका सबै खाता एक हप्ताका लागि बन्द भएकाले भोलिसम्ममा चालू आर्थिक वर्ष २०८०/८१ को बजेट भुक्तानी दायित्व फरफारक गरिसक्नुपर्ने पनि उनले बताए ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३० मा आर्थिक वर्ष समाप्त हुन एक साताअघि भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था छ । विनियोजन ऐनले 'फ्रीज' नहुने भनी तोकेको शीर्षकको बाहेक अन्य रकम भुक्तानी गर्न पाइँदैन । यद्यपि अत्यावश्यक प्रयोजनमा भएको खर्चका लागि भने मलेनिकाको सहमतिमा भुक्तानी गर्न सकिने व्यवस्था नियमावलीमा छ ।

# महामारीले ल्याउने विश्व सङ्कट

विचार



डा अमृत बस्नेत

**महामारीले स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा जनस्वास्थ्यलाई गम्भीर असर पार्छ । महामारीले जनसङ्ख्या नियन्त्रणमा प्रत्यक्ष-अप्रत्यक्ष प्रभाव पार्न सक्छ तर विश्वका महाशक्ति राष्ट्रहरूले जान-अनजान महामारीलाई अस्त्रको रूपमा प्रयोग गरी सामान्यतया जनसङ्ख्या नियन्त्रण विधिको रूपमा पनि प्रयोग गर्ने गरेका छन् ।**

महामारी भनेको एउटा रोग वा सङ्क्रमण हो, जसले विश्वव्यापीस्तरमा वा ठूलो भौगोलिक क्षेत्रमा तीव्ररूपमा फैलिन्छ र धेरै सङ्ख्यामा मानिसलाई प्रभावित पार्छ । यसमा सामान्यतया नयाँ सङ्क्रामक रोग समावेश हुन्छ, जसमा मानिससँग सङ्क्रमणसँग लड्ने प्रतिरक्षा कमजोर हुन्छ, जसले गर्दा व्यापक बिरामी/अस्वस्थता गराउँछ। महामारीले धेरै देश वा महादेशलाई समेट्न सक्छ र रोगको फैलावटलाई नियन्त्रण गर्न र व्यवस्थापन गर्न अन्तर्राष्ट्रियस्तरमा समन्वित प्रतिक्रिया आवश्यक पर्छ ।

महामारीको घोषणा विश्व स्वास्थ्य सङ्गठनद्वारा गरिन्छ। जब कुनै महामारी विभिन्न देशहरूमा व्यापकरूपमा फैलिन्छ र नियन्त्रण गर्न चुनौतीपूर्ण हुन्छ । महामारीले मानव जनसङ्ख्यालाई गहिरो रूपमा प्रभावित पार्छ । विगतमा यस्ता थुप्रै महामारी भएका छन् । सन् १६५-१८० को एन्टोनिन प्लेग, सन् ५४१-५४२ मा जस्टिनियन प्लेग, सन् ७३५-७३७ को जापनिज स्माल पक्स, सन् १३४७-१३५१ को ब्ल्याक डेथ महामारी, सन् १६२९-१६३१ को इटालियन प्लेग, सन् १९६५-१६६६ को ग्रेट प्लेग अफ लन्डन भएको थियो। यस्तै सन् १८१७-१९२३ को पहिलो हैजा, सन् १८२७-१८३५को दोस्रो हैजा महामारी, सन् १८३९-१८५६ को तेस्रो हैजा, सन् १८६३-१८७५ को चौथो हैजा महामारी, सन् १८८१-१८८६ को पाँचौं हैजा महामारी, सन् १८८९-१८९० को रूसी फ्लू र सन् १८९९-१९३३ को छैठौं हैजा महामारी भएको थियो ।

सन् १९१८-१९१९ को स्प्यानिस फ्लू, सन् १९५७-१९५८ को एशियन फ्लू, सन् १९६१ देखि वर्तमानसम्म सातौं हैजा, सन् १९६८-१९७० को हङकङ फ्लू, सन् १९८१ देखि वर्तमानसम्म एचआइभी एड्स, सन् २००२-२००३ को सार्स कोरोना भाइरस-१, सन् २००९-२०१० को स्वाइन फ्लू, सन् २०१४-२०१६ को इबोला, सन् २०१५ देखि वर्तमानसम्म मर्स महामारी र सन् २०१९ देखि वर्तमानसम्म कोभिड-१९ महामारीलाई लिन सकिन्छ ।

महामारीले जनसङ्ख्याको ठूलो हिस्सालाई असर गर्छ । महामारीका नतीजाहरू दूरगामी र बहुआयामिक हुन्छन्, जसले समाजका विभिन्न पक्षलाई असर गर्छ । महामारीहरूले बिरामी र मृत्युदरमा उल्लेखनीय वृद्धि हुन्छ । अस्पताल र क्लिनिकहरूले चिकित्सा आपूर्ति, उपकरण र कर्मचारीहरूको अभाव सामना गर्न सक्छन्, जसले उपचारको गुणस्तर घटाउँछ । महामारीबाट बचेका दीर्घकालीन स्वास्थ्य समस्याहरूबाट ग्रस्त हुन सक्छन् । दीर्घकालीन थकान, अङ्ग क्षति, मधुमेह, रगतको मात्रामा गिरावट, रगत जम्ने, प्लेट्लेट्सको मात्रा घट्ने, हृदयघात, स्ट्रोक, स्नायुसम्बन्धी समस्याहरू, रोग प्रतिरक्षा शक्तिमा ह्रास, कोभिडपछिका अवस्थामा देखिएका छन् । गम्भीर रोग प्रसारका कारण प्रभावित हुने व्यक्तिहरूमा डिप्रेशन र पोस्ट-ट्रामाटिक स्ट्रेस डिसअर्डर विकसित हुन्छ ।

महामारीहको कारण आर्थिक गतिविधिमा उल्लेखनीय मन्दी आउन सक्छ। धेरै व्यवसायहरू विशेषगरी, साना व्यवसाय बन्द हुन सक्छन्, जसले व्यापक रोजगार गुमाउनु र बेरोजगारी दरमा वृद्धि गराउँछ। लकडाउन, क्वारेन्टाइन र आइसोलेशनजस्ता उपायहरूले सामाजिक एकान्त वृद्धि गर्छ, जसले मानसिक स्वास्थ्यलाई असर गर्छ र मानसिक समस्याहरू जस्तै मन आत्तिने, चिन्ता र डिप्रेशनका घटनाहरू वृद्धि गर्छन् । विद्यालय बन्दले शिक्षा प्रणालीमा अवरोध पुऱ्याउँछ । महामारीले प्रायः सार्वजनिक स्वास्थ्य नीतिहरू, आर्थिक प्रोत्साहन प्याकेजहरू र स्वास्थ्य सेवा नियमहरूमा परिवर्तनसहित महत्त्वपूर्ण सरकारी हस्तक्षेपहरू निम्त्याउँछ ।

महामारीको कमजोर व्यवस्थापनले राजनीतिक अस्थिरता र नेतृत्वमा परिवर्तन ल्याउन सक्छ । घटाइएको औद्योगिक गतिविधि र यातायातले प्रदूषण र हरितगृह ग्याँस उत्सर्जनमा अस्थायी कमी ल्याउन सक्छ । ठूलो जमघट समावेश गर्ने सांस्कृतिक र धार्मिक अभ्यासहरू परिवर्तन वा स्थगित हुन सक्छन्, जसले सामुदायिक र सांस्कृतिक जीवनलाई असर गर्न सक्छ। उपभोक्ता बानीमा परिवर्तन जस्तै डिजिटल प्लेटफर्महरू ई-सेवा, फोन पे, खल्ती र ई-बैंकिङमा बढेको निर्भरता, महामारी पछि पनि जारी रहन सक्छ । यसले दूरदराजका मानिसमा समस्या उत्पन्न गराउन सक्छ । भाइरसको फैलावट नियन्त्रण गर्न निगरानी प्रविधिहरूको प्रयोगले तथ्याङ्क गोपनीयता र नागरिक स्वतन्त्रताबारे चिन्ता बढाउन सक्छ ।

महामारीको पूर्वतयारीले सम्भावित महामारीलाई प्रभावकारीरूपमा रोक्न, पत्ता लगाउन र प्रतिक्रिया दिने उपायहरू, योजना र कार्यान्वयन समावेश गर्छ। रोगको प्रकोप निगरानी गर्न बलियो विश्वव्यापी निगरानी प्रणाली स्थापना र कायम गरिनुपर्छ । विश्व स्वास्थ्य सङ्गठनजस्ता संस्थाहरूले महामारी निगरानीमा निष्पक्ष र महत्त्वपूर्ण भूमिका खेल्नुपर्छ । बिरामीहरूको सङ्ख्यामा भएको वृद्धि व्यवस्थापन गर्न स्वास्थ्य प्रणालीको क्षमता वृद्धि गर्नुपर्छ । स्वास्थ्यकर्मीलाई सङ्क्रमण नियन्त्रण अभ्यास र आपत्कालीन प्रतिक्रिया प्रक्रियाहरूमा नियमित प्रशिक्षण दिनुपर्छ।

व्यक्तिगत सुरक्षा उपकरणहरू मास्क, सेनिटाइजर, औषधि र सुरक्षित खोपजस्ता आवश्यक चिकित्सकीय सुविधा उपलब्ध हुनुपर्छ । उन्नत उपकरण, उपचार र रोकथामका उपायहरू विकास र तैनाथ गरी ज्ञान र स्रोतहरू साझा गर्न अनुसन्धान र विकासमा अन्तर्राष्ट्रिय सहयोगलाई बढावा दिनुपर्छ ।

नवीनतम वैज्ञानिक प्रमाण र उत्कृष्ट अभ्यासहरूमा आधारित सार्वजनिक स्वास्थ्य नीतिहरू लागू गर्नुपर्छ र नियमितरूपमा अद्यावधिक गर्नुपर्छ । रोकथाम उपायहरू, सङ्क्रामक रोगहरूका लक्षणहरू र प्रारम्भिक उपचारको महत्त्वबारे समुदायहरूलाई शिक्षित र संलग्न गराउनुपर्छ । महामारीहरूको लागि एकीकृत प्रतिक्रिया सुनिश्चित गर्न अन्तर्राष्ट्रिय साझेदारी र समन्वय संयन्त्र बलियो बनाउनुपर्छ । महामारीको पूर्वतयारीका लागि विश्वव्यापी स्वास्थ्य पहलहरूमा पर्याप्त रकम र स्रोत छुट्याउनुपर्छ। सुरक्षित खोप, औषधि र निदान उपकरणको लागि नियामक मापदण्डको सामञ्जस्यतामा काम गर्नुपर्छ । विश्वासिला स्रोत र तथ्य जाँच संयन्त्रहरूमार्फत गलत सूचना र अफवाहहरू हुन दिनुहुँदैन ।

महामारीबाट प्रभावित व्यक्ति र व्यवसायलाई आर्थिक सहयोगको खाँचो पर्छ । महामारीको समयमा जोखिममा रहेको जनताका लागि सामाजिक सुरक्षा योजनाहरू बलियो बनाउनुपर्छ । महामारीको समयमा सञ्चालन र आपूर्ति शृङ्खला कायम राख्न व्यवसायलाई निरन्तरता योजना विकास गर्न प्रोत्साहन गर्नुपर्छ। क्वारेन्टिन र आइसोलेशन जस्ता सार्वजनिक स्वास्थ्य उपायहरूलाई समर्थन गर्ने कानूनी ढाँचा स्थापना र अद्यावधिक गरी स्रोतहरूको वितरण, उपचारको प्राथमिकता र अन्य महत्त्वपूर्ण निर्णयहरूको लागि स्पष्ट दिशानिर्देश तयार गर्नुपर्ने हुन्छ ।

महामारीहरूले स्वास्थ्य क्षेत्र र चिकित्सकमा ठूलो दबाब पार्ने हुँदा स्वास्थ्य सेवा प्रणालीको बलियो पक्ष र कमजोरीहरू दुवै उजागर हुन्छ । महामारीको प्रभावकारी व्यवस्थापन गर्न पर्याप्त, प्रशिक्षित र लचिलो स्वास्थ्यकर्मीहरूको टिम सुनिश्चित गर्नु महत्त्वपूर्ण छ । स्वास्थ्यकर्मीहरू, चिकित्सा विद्यार्थीहरू र स्वयंसेवकहरूलाई आवश्यक पर्दा परिचालन गर्न सकिन्छ। चिकित्सक स्वास्थ्यकर्मीहरूलाई सङ्क्रमण नियन्त्रण अभ्यास, उच्च गुणस्तरीय व्यक्तिगत सुरक्षा उपकरणको विश्वसनीय आपूर्ति सुनिश्चित गर्नुपर्दछ र यसको सही प्रयोग गर्न प्रशिक्षण दिनुपर्छ।

नयाँ रोगहरूको उपचार प्रोटोकलहरूमा पनि निरन्तर प्रशिक्षण प्रदान गर्नुपर्छ । चिकित्सक स्वास्थ्यकर्मीलाई आपत्कालीन प्रतिक्रिया प्रक्रिया परिचित गराउन नियमितरूपमा महामारी अनुकरण अभ्यास सञ्चालन गर्नुपर्छ । स्वास्थ्यकर्मीहरूको तनाव, चिन्ता र मानसिक थकान व्यवस्थापन गर्न मनोवैज्ञानिक समर्थन, परामर्श सेवा र प्रशिक्षण कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्छ । स्वास्थ्य सेवा सुविधाभित्र बिरामी र कर्मचारीहरूको सुरक्षा गर्न सङ्क्रमण नियन्त्रण प्रोटोकल कडाइका साथ लागू गर्नुपर्छ। प्रशासनिक कार्यहरू सुव्यवस्थित बनाउन र कार्यभार कम गर्न इलेक्ट्रोनिक स्वास्थ्य रेकर्ड र स्वचालित प्रणालीजस्ता प्रविधि प्रयोग गर्नुपर्छ । चिकित्सक, स्वास्थ्यकर्मीलाई उचित पारिश्रमिक र सुरक्षित काम गर्ने जस्ता प्रोत्साहन हुने खालका सरकारी नीतिहरू बन्नुपर्छ। गैरमेडिकल कार्यहरूमा स्वास्थ्य सेवा सुविधालाई सहयोग गर्न समुदाय स्वयंसेवक कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ। यी तथ्यहरूका आधारमा नेपालका स्वास्थ्य सेवा प्रणालीले महामारीको लागि प्रभावकारी तयारी गर्नुपर्ने देखिन्छ । स्वास्थ्य सङ्कटको समयमा स्वास्थ्य सेवा वितरण प्रभावकारी बनाउन तथा स्वास्थ्यकर्मी र बिरामीको मनोबल बलियो गराउन आवश्यक हुन्छ ।

महामारीले स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा जनस्वास्थ्यलाई गम्भीर असर पार्छ । महामारीले जनसङ्ख्या नियन्त्रणमा प्रत्यक्ष-अप्रत्यक्ष प्रभाव पार्न सक्छ तर विश्वका महाशक्ति राष्ट्रहरूले जान-अनजान महामारीलाई अस्त्रको रूपमा प्रयोग गरी सामान्यतया जनसङ्ख्या नियन्त्रण विधिको रूपमा पनि प्रयोग गर्ने गरेका छन् । महामारीको समयमा आर्थिक अनिश्चितता, तनाव र स्वास्थ्य सेवामा अवरोधले जन्म दरमा कमी ल्याउन सक्छ। भविष्यको चिन्ताका कारण व्यक्तिहरूले आफ्नो परिवार शुरू गर्न वा विस्तार गर्न ढिलाइ गर्न सक्छन् । महामारीले विशेषगरी वृद्ध, बालबालिका वा दीर्घरोगीहरूमा उच्च मृत्यु दर निम्त्याउन सक्छ । यद्यपि, मृत्युदरमा भएको यो वृद्धिलाई सामान्यतया जनसङ्ख्या नियन्त्रणको रूप मानिंदैन, किनकि यो जानाजानी मानव हस्तक्षेपको सट्टा रोगको परिणाम हो । महामारीले बसाइँसराइको ढाँचामा परिवर्तन ल्याउन सक्छ किनभने मानिसहरू प्रभावित क्षेत्रबाट जोगिन वा राम्रो स्वास्थ्य सेवा पूर्वाधार भएका क्षेत्रमा जान खोज्छन् । यी बसाइँसराइहरूले विभिन्न क्षेत्रहरूको जनसङ्ख्या घनत्वमा असर गर्न सक्छ ।

संयुक्त राज्य अमेरिकामा प्रारम्भिक २० औं शताब्दीमा फेरि पोलियो देखा परेको थियो । सन् २००९ मा भारतमा पनि व्यापकरूपमा पोलियोका बिरामीहरू देखा परेका थिए । पोलियो महामारी नियन्त्रण गर्न खोप उत्पादनमा बिल्स एन्ड मेलिन्डा फाउन्डेशनले सहयोग गरेका थिए। खोप लगाएका मानिसहरूमा व्यापकरूपमा प्यारालाइसिस देखा पर्न थाल्यो र निरन्तरको अनुसन्धानपछि एउटा तथ्य बाहिर आयो कि यो खोप विश्व जनसङ्ख्या नियन्त्रण गर्न बनाइएको हो। सन् २०१० मा बिल गेट्सले विश्व जनसङ्ख्या घटाउन खोप एउटा हतियार हो भनेका थिए । उनले खोपमार्फत १० देखि १५ प्रतिशत

(बाँकी पाँचौं पातामा)




**राउतकोटमा निर्माण भएको रिजर्भ वायर ट्ङ्की:** दैलेखको भैरवी गाउँपालिका वडा नं १ राउतकोटमा रु दुई करोड २५ लाखको लागतमा निर्माण सम्पन्न भएको राउतकोट लिफ्टिङ आयोजनाको रिजर्भ वायर टङ्की। यस आयोजनाबाट २१८ घरधुरी लाभान्वित भएका छन् भने राति ३ बजे पानी लिन जानुपर्ने बाध्यता लिफ्टिङले हटाएको स्थानीयवासी बताउँछन्। तस्बिरः सुरेश आचार्य/रासस

## फरक समाचार

# लिपिड व्यवस्थापनको लागि नयाँ दिशा निर्देश

कोलेस्ट्रोल एउटा साइलेन्ट किलर हो, जसले तपाईंको मुटुको स्वास्थ्यमा गहिरो प्रभाव पार्न सक्छ । अहिलेसम्म उच्च कोलेस्ट्रोलसँग सङ्घर्ष गरिरहेका



भारतीयहरूका लागि यसलाई नियन्त्रण गर्न कुनै विशेष दिशानिर्देश थिएन । तर अब यो प्रतीक्षा सकिएको छ । पहिलोपटक भारतले उच्च कोलेस्ट्रोलसँग लड्न महत्त्वपूर्ण हतियार लिपिड व्यवस्थापनका लागि नयाँ दिशानिर्देश पाएको छ। यी दिशानिर्देशहरू भारतीयहरूको आहार र जीवनशैलीलाई ध्यानमा राखेर बनाइएको हो । चिकित्सकहरूले यस दिशानिर्देशबाट बिरामीहरूको राम्रो उपचारमा पनि मदत पाउनेछन् ।

अहिलेसम्म भारतीय हृदयरोग विशेषज्ञहरूले सन् २०१९ मा युरोपियन सोसाइटी अफ कार्डियोलोजीको दिशानिर्देश पालना गर्दै आएका थिए, तर अब पहिलोपटक भारतमा उच्च कोलेस्ट्रोल वा डिस्लिपिडेमिया नियन्त्रणको लागि भारतीय दिशानिर्देश तयार गरिएको छ। भारतको २२ सदस्यीय कार्डियोलोजिकल सोसाइटी अफ इन्डिया (सिएसआई) समितिले जुलाई ४ का दिन यी दिशानिर्देशहरू जारी गरेको छ ।

डिस्लिपिडेमिया एउटा यस्तो अवस्था हो, जसमा रगतमा उच्च कोलेस्ट्रोल वा ट्राइग्लिसराइड्सजस्ता बोसो (लिपिड)को असामान्य स्तर हुन्छ। यो असन्तुलनले हृदयरोग, स्ट्रोक र अन्य स्वास्थ्य समस्याको जोखिम बढाउन सक्छ। सामान्यतया यो आहार, व्यायाम र औषधिमार्फत नियन्त्रण गरिन्छ । डिस्लिपिडेमियालाई साइलेन्ट किलर भनेर चिनिन्छ किनभने यसमा कुनै लक्षण हुँदैन। तर पनि यो हृदयरोग, स्ट्रोक र पेरिफेरल आर्टरी डिजिजजस्ता हृदयरोगहरूको प्रमुख सूचक हो ।

### तपाईंको लिपिड प्रोफाइल कसरी थाहा पाउने ?

कुल कोलेस्ट्रोल (लिपिड प्रोफाइल) रगत परीक्षणमार्फत मापन गरिन्छ । स्वास्थ्यकर्मीले सामान्यतया तपाईंको हातको नसाबाट रगतको नमूना लिन्छन् । त्यसपछि प्रयोगशालामा यस नमूनाको विश्लेषण गरेर कुल कोलेस्ट्रोलको मात्रा निर्धारित गरिन्छ, जसमा कम-घनत्व लिपोप्रोटिन (एलडिएल), उच्च-घनत्व लिपोप्रोटिन (एचडिएल) र ट्राइग्लिसराइड्सको अंश समावेश हुन्छ। नयाँ दिशानिर्देश अनुसार कोलेस्ट्रोलको न्यूनतम स्तर १०० मिलिग्राम/डेसिलिटर (मिलीग्राम प्रतिडेसिलिटर)भन्दा कम हुनुपर्छ ।

**भारतमा उच्च कोलेस्ट्रोल बोझ :** भारतमा उच्च कोलेस्ट्रोल स्तर सामान्य हो, तर यो समस्या विशेषगरी शहरी क्षेत्रमा बढी देखिन्छ। भारतमा हृदयरोगको उच्चदर र विश्वमा सिबिडीको कारण हुने सबैभन्दा बढी अकाल मृत्युदरलाई ध्यानमा राख्दै चिकित्सकहरूले यी लिपिड दिशानिर्देश जारी गरेका छन् । सिएसआईको अध्ययन अनुसार राजस्थान, गुजरात, तेलङ्गाना र मणिपुरबाहेक भारतका लगभग सबै राज्यमा बसोवास गर्ने मानिसहरूमा एचडिएल-कोलेस्ट्रोल (राम्रो कोलेस्ट्रोल)को स्तर कम भएको पाइएको छ । जबकि हाइ एलडिएल कोलेस्ट्रोल (खराब कोलेस्ट्रोल)को स्तर उत्तरी क्षेत्र, केरला र गोवामा उच्चतम पाइएको छ ।

# टुटेको सम्बन्ध बचाउने उपाय

सम्बन्ध जीवनको एउटा महत्त्वपूर्ण भाग हो। मित्रता, प्रेम, परिवार, हरेक सम्बन्धले हामीलाई जीवनमा केही विशेष दिन्छ। तर कहिलेकाहीं भ्रम, झगडा र दूरीले सम्बन्धमा फाटो पैदा गर्छ। खासगरी पार्टनरबीच यी कुराहरू बढ्न थाल्यो भने कुरा सम्बन्धविच्छेदसम्म पुग्न बेर लाग्दैन । यस्तो अवस्थामा यदि तपाईं आफ्नो टुटेको सम्बन्ध बचाउन चाहनुहुन्छ भने यी चार कुरालाई ध्यानमा राख्नु



उचित हुन्छ ।

**माफी माग्न नहच्कनुहोस् :** गलती जोसुकैले पनि गर्न सक्छ। यदि तपाईंले गलती गर्नुभएको छ भने यसलाई स्वीकार गर्नुहोस् र हृदयदेखि माफी माग्नुहोस्। माफी माग्न ढिलो नगर्नुहोस्, किनकि समय बित्दै जाँदा सम्बन्ध थप चीसो हुन सक्छ ।

**कुराकानी :** खुला कुराकानी हुनु धेरै महत्त्वपूर्ण छ । यदि तपाईंसँग कुनै गुनासो वा रिस छ भने शान्त र आदरपूर्वक व्यक्त गर्नुहोस् । एकअर्काको कुरा सुन्नुहोस् र एकअर्काको दृष्टिकोण बुझ्ने प्रयास गर्नुहोस् ।

**विश्वास र इमानदारी :** कुनै पनि सम्बन्धको आधार विश्वास र इमानदारीमा आधारित हुन्छ । टुटेको सम्बन्धलाई पुनः जोड्न चाहनुहुन्छ भने विश्वास र इमानदारीका साथ अगाडि बढ्नुपर्छ ।

**धैर्यवान् :** टुटेको सम्बन्ध फेरि बलियो बनाउन समय लाग्छ। धैर्य गर्नुहोस् र हार नमान्नुहोस् । सानो प्रयास शुरू गर्नुहोस् र बिस्तारै अगाडि बढ्नुहोस् ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## काश्मीरमा गोली लागी आठजनाको मृत्यु

नयाँ दिल्ली, २३ असार/एएफपी

भारत प्रशासित काश्मीरमा भएको गोली हानाहानका दुईवटा छुट्टै घटनामा दुईजना सैनिक र छजना संदिग्ध आतङ्कवादी मारिएको प्रहरीले आइतवार जनाएको छ।




काश्मीरका प्रहरी महानिरीक्षक विधिकुमार बिर्दीले विवादित क्षेत्रका अधिकारीहरूले कुलगाम जिल्लाका गाउँहरूमा 'दुई छुट्टाछुट्टै सुरक्षा कारबाई' गरिएको बताए।

बिर्दीले सुरक्षा बलका दुई सदस्य मारिएका र मोडेरग्राम र फ्रिसल चिन्निगाम गाउँहरूमा झडप जारी रहेको बताए। "हामीले मोडेरग्रामबाट दुई आतङ्कारी र फ्रिसल चिन्निगामबाट अन्य चारजना आतङ्कारीको शव बरामद गरेका छौं," बिर्दीले भने।

विवादित क्षेत्रमा आक्रमणको यो पछिल्लो घटना हो। भारत र पाकिस्तान दुवैले मुस्लिम बहुल काश्मीरलाई पूर्णरूपमा आफ्नो क्षेत्र दाबी गर्छन् र यसको नियन्त्रणका लागि तीनवटा युद्ध लडेका छन्।

विद्रोही समूहले यस क्षेत्रको स्वतन्त्रता वा पाकिस्तानसँग विलयको माग गर्दै सन् १९८९ देखि विद्रोह गर्दै आएका छन्। द्वन्द्वले १०औं हजार नागरिक, सैनिक र विद्रोहीहरूको ज्यान लिएको छ। रासस



**सांस्कृतिक कार्यक्रम प्रस्तुतः** काठमाडौं महानगरपालिका वडा नं ८ मा रहेको पशुपतिनाथ मन्दिर प्राङ्गणको घ्याम्पे सत्तलमा सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्दै कलाकारहरू। तस्बिरः किरणराज विष्ट/रासस

## घरेलु हिंसाको आरोपमा पपुवा न्यू गिनीका मन्त्री पक्राउ

सिड्नी, २३ असार/सिन्हवा

पपुवा न्यू गिनीका पेट्रोलियम मन्त्री जिमी मालादिनालाई अस्ट्रेलियाको सिड्नीमा घरेलु हिंसाको आरोपमा पक्राउ गरिएको छ।

पूर्वी सिड्नीको उपनगर बोन्डीमा पक्राउ परेका मन्त्रीलाई घरेलु हिंसाको अभियोग लगाइएको अस्ट्रेलियन ब्रोडकास्टिङ कर्पोरेसन (एबीसी) ले आइतवार समाचारमा उल्लेख गरेको छ।

स्थानीय समयअनुसार शनिवार बिहान करिब १० बजे घरेलु विवादपछि प्रहरीलाई बोन्डीस्थित एक घरमा बोलाइएको थियो।

आरोपित ५८ वर्षीय पुरूषसँग भएको विवादपछि ३१ वर्षीया एक महिलालाई चोट लागेको भन्दै प्रहरीमा परेको उजुरीका आधारमा अधिकारीले ती महिलासँग कुराकानी गरेका थिए।

महिलासँगको कुराकानीपछि मालादिनालाई गिरफ्तार गरिएको थियो र प्रहरी चौकीमा लगिएको थियो। उहाँविरूद्ध वास्तविक शारीरिक क्षति पु¥याएको आरोपवारे अनुसन्धान भइरहेको छ।

एबीसीले मालादिनाको बयानलाई उद्धृत गर्दै भनेको छ, "उहाँले अनुसन्धानमा सहभागी भएर अधिकारीहरूलाई पूर्ण सहयोग गरिरहनुभएको छ। मन्त्रीलाई सशर्त जमानत दिइएको र बिहीवार अदालत उपस्थित गराउने बताइएको छ। रासस

## बाढीबाट प्रभावित राष्ट्रिय राजमार्ग तथा सडक तत्काल सञ्चालन गर्न माग

काठमाडौं, २३ असार/रासस

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले बाढीबाट प्रभावित राजमार्ग तथा सडक तत्काल सञ्चालन गर्न सरकारसँग माग गरेको छ।

महासङ्घका महासचिव डेकनाथ गौतमले आइतवार विज्ञप्ति जारी गरी अविरल वर्षाका कारण गएको बाढीपहिराबाट राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग र ग्रामीण सडकमा क्षति पुगेकाले तत्काल मर्मत तथा वैकल्पिक व्यवस्था गरी सडक खुलाउन सरकारसँग माग गरेका हुन्।



"अविरल वर्षाका कारण बाढीपहिराबाट ठूलो जनधनको क्षति भएको छ, कयौं राष्ट्रिय राजमार्ग तथा ग्रामीण सडक बन्द भएका छन्, जसका कारण यात्रुहरू बिचल्लीमा परेका छन्। मर्मत तथा डाइभर्सन बनाएर सडक सञ्चालन गर्ने वातावरण बनाउनुपर्छ," महासचिव गौतमले भने।

महासङ्घले देशभरका जुनसुकै स्थानबाट सेवा सञ्चालन गर्दा आफ्नो गन्तव्य स्थानसम्म पुग्ने बाटोको अवस्थाबारे पूर्णरूपमा जानकारी लिएर मात्र यात्रा गर्न र सवारीसाधन सञ्चालनका लागि अपील गरेको छ।

बन्द भएका सडक खुलाउने कार्यमा सुरक्षाकर्मी परिचालन भइसकेकाले सुरक्षाकर्मीसँग सहकार्य गरेर यातायात सञ्चालन गर्नसमेत सबै व्यवसायीलाई महासङ्घले अनुरोध गरेको छ।

## गाजा युद्ध १०औं महीनामा प्रवेश

प्यालेस्टाइनी क्षेत्र, २३ असार/एएफपी

हमासले दक्षिणी इजरायलमा गत वर्षको अक्टोबर ८ मा गरेको हमलाको बदलामा इजरायलले गाजामा युद्ध शुरू गरेको आइतवार १०औं महीना शुरू भएको छ।

यो अवधिमा प्यालेस्टिनी भूमिमा ३८ हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ भने हजारौं घाइते भएका छन्। युद्धका कारण लाखौं मानिस विस्थापित भएका छन्।

हमासले अक्टोबर ८ मा गरेको आक्रमणमा करीब एक हजार २०० जनाको मृत्यु भएको थियो भने लडाकू समूहले २५० जना बन्धक बनाएको थियो। युद्धविराम र कैदी आदानप्रदान सम्झौतापछि हमासले १०० भन्दा बढी व्यक्तिलाई रिहा गरेको थियो भने यसको तेब्बर सङ्ख्यामा प्यालेस्टिनी बन्दी रिहा भएका थिए।

हिंसा रोक्नको लागि नयाँ कूटनीतिक प्रयासहरू जारी छन्।

इजरायलले कतारको दोहामा हालै शुरू भएको युद्धविराम वार्तालाई निरन्तरता दिन आगामी दिनमा एक प्रतिनिधिमण्डल पठाउने बताएको छ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुका प्रवक्ताले युद्धविराम र बन्धक मुक्त गर्ने सम्झौता कसरी गर्ने भन्ने विषयमा हमाससँग भिन्नता कायमै रहेको बताएका छन्।

"वार्तालाई निरन्तरता दिन अर्को हप्ता इजरायली वार्ताकार दोहा जाने सहमति भएको छ। इजरायली राजनीतिक दलहरूबीच युद्धलाई हेर्ने सम्बन्धमा अझै पनि मतभिन्नता छ," प्रवक्ताले शुक्रवार जारी गरेको विज्ञप्तिमा भनिएको छ।

यसैबीच, गाजामा जारी द्वन्द्व निरन्तर जारी रहेको प्यालेस्टिनी रेड क्रिसेन्टले आइतवार इजरायली आक्रमणमा मारिएका दुई बालबालिकासहित छजनाको शव मध्य शहर देइर अल-बलाहस्थित अल अक्सा शहीद अस्पतालमा आइपुगेको जनाएको छ।

गाजा शहरको उत्तरी क्षेत्रमा रहेको एक घरमा इजरायली आक्रमणमा परी छजनाको मृत्यु भएको पनि पारामेडिक्सले जानकारी दिएको छ।

हमास शासित गाजाको स्वास्थ्य मन्त्रालयले मध्य गाजाको नुसिरातमा विस्थापितलाई आश्रय दिइरहेको प्यालेस्टिनी शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय निकाय (युएनआरडब्लुए) ले सञ्चालन गरेको विद्यालयमा भएको आक्रमणमा परी १६ जनाको मृत्यु भएको जनाएको थियो।

इजरायली सेनाले आफ्नो विमानले अल-जवानी विद्यालय वरपर सक्रिय 'आतङ्ककारी'लाई निशाना बनाएको बताएको छ।

सेनाले यसअघि गाजापट्टीको उत्तरमा सुजैया, दक्षिणमा देइर अल-बलाह र रफाहलगायत अधिकांश क्षेत्रमा अभियान सञ्चालन गरेको बताएको थियो।

सुजैया ती क्षेत्रहरूमध्ये एक हो, जुन सेनाले पहिले हमासबाट मुक्त भएको घोषणा गरेको थियो, तर यहाँ फेरि युद्ध शुरू भएको छ।

हमासको प्रेस कार्यालय र पारामेडिक्सले स्थानीय सञ्चारमाध्यममा कार्यरत चारजना पत्रकार शनिवार राति भएको आक्रमणमा मारिएका र युएनआरडब्लुएले आफ्ना दुई कर्मचारीको मृत्यु भएको जनाएको छ।

गाजामा वितरण गरिने अधिकांश सहायतालाई समन्वय गर्ने युएनआरडब्लुएले युद्धमा आफ्ना १९४ जना कर्मचारीको मृत्यु भएको जनाएको छ।

कतार र इजिप्टसँगै युद्धविराम वार्ताको मध्यस्थता गरेको संयुक्त राज्य अमेरिकाले दुवै पक्षका लागि 'निकै महत्त्वपूर्ण खुलापन' भएको भन्दै सम्झौताको सम्भावनाबारे कुरा गरेको छ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले गत मे महीनामा युद्धविराम सम्झौताको मार्ग प्रशस्त गर्ने घोषणा गरेका थिए।

यसमा प्रारम्भिक छ हप्ताको युद्धविराम, गाजाको जनसङ्ख्या केन्द्रबाट इजरायली सेना फिर्ता र प्यालेस्टाइनी लडाकूद्वारा बन्धक बनाइएका बन्धकहरूलाई मुक्त गर्नु समावेश थियो।

वार्ता पछि रोकियो, तर एक अमेरिकी अधिकारीले बिहीवार दिएको जानकारी अनुसार हमासको नयाँ प्रस्तावले प्रक्रियालाई अगाडि बढाउँछ र सम्झौतालाई बन्द गर्ने आधार प्रदान गर्न सक्छ। रासस

### महामारीले ...

जनसङ्ख्या घटाउन सकिन्छ भनेका थिए। समयक्रमसँगै खोप अभियानको पर्दा पछाडिका डरलाग्दा र भयानक नकारात्मक तथ्यहरू बाहिर आइरहेका छन्।

एक्काइसौं शताब्दीको वैज्ञानिक एआई युगमा सबै देशसँग आआफ्नो हैसियत अनुसार हातहतियार छन्। त्यसैले विश्वका महाशक्ति राष्ट्रहरूले महामारीलाई हतियार बनाएर विश्व आर्थिक युद्धमा होमिन अनेक प्रयास र गुरु योजना बनाउन तल्लीन छन्। कोभिड-१९ पनि यसको एउटा ज्वलन्त उदाहरण हो। संयुक्त राज्य अमेरिका र चीनबीचको विश्व आर्थिक टकरावले गर्दा सन् २०१९ मा कोभिड-१९ महामारी ल्याइएको अनुमान गर्न सकिन्छ। विश्व आर्थिक टकरावले सन् २०३० मा फेरि नयाँ महामारी ल्याइने अनुमान गर्न सकिन्छ। चीन, रूस र संयुक्त राज्य अमेरिकाबीचको विश्व आर्थिक टकराव र बदलिंदो विश्व भूराजनीतिक ध्रुवीकरणको कारण त्यो अवस्था नआउला भन्न सकिन्न। त्यतिबेला पनि नेपालजस्ता अन्य विकासशील देशहरू फेरि चेपुवामा पर्न सक्नेछन्। महामारीमार्फत विश्वका महाशक्ति राष्ट्रहरूले आफ्नो अर्थतन्त्र बलियो र अरू महाशक्ति राष्ट्रको अर्थतन्त्र धराशायी बनाउने माध्यमका रूपमा लिएका छन्।

विश्व स्वास्थ्य सङ्गठनले जनसङ्ख्या नियन्त्रणको नीतिलाई प्रोत्साहित गरेको देखिन्छ। दशकौंदेखि एशिया (बङ्गलादेश, भारत, इन्डोनेशिया, पाकिस्तान, फिलिपिन्स, थाइल्यान्ड), ल्याटिन अमेरिका (ब्रजील, कोलम्बिया, मेक्सिको), अफ्रिका (इजिप्ट, इथियोपिया, नाइजेरिया) र युरोप (टर्की) मा जनसङ्ख्या नियन्त्रण रणनीतिहरू लागू हुँदै आएका छन्। कोभिड-१९ महामारीविरुद्धको खोपपछि विश्वव्यापी रूपमा महिलाहरूले धेरै प्रजनन समस्या र डरलाग्दो गर्भावस्थाको परिणाम रिपोर्ट गरिरहेका छन्। कोरोनाविरुद्ध खोपको एउटा असर निस्सन्तान पनि रहेको बताइएको छ। विशेषगरी पुरुषहरूमा व्यापक बाँझोपनको समस्या देखा परेको छ। यसले गर्दा महिलालाई आइभिएफ अर्थात् कृत्रिम गर्भधारण विधिबाट बच्चा जन्माउन बाध्य बनाइएको छ। यो कृत्रिम गर्भधारण विधिको माध्यमबाट विदेशी जीन भित्र्याउन एउटा महत्त्वपूर्ण चलखेल भइरहेको छ।

अस्ट्रेलियाका वरिष्ठ प्रजनन चिकित्सक डा ल्यूक म्याकलिन्डनले कोभिड-१९ महामारीविरुद्धको खोपको नकारात्मक पक्षबारे चेतावनी दिएका थिए। उनले कोभिड-१९ विरुद्ध खोप लगाइएका ७४ प्रतिशत महिलाको स्वतः गर्भपतन, गर्भाशयभित्र शिशु मृत्यु र महीनावारीमा व्यापक गडबडी भइरहेको अनुसन्धानबाट देखिएको बताएका छन्। म्याकलिन्डनले कोभिड खोप लिन अस्वीकार गरेका थिए र कोभिड खोपको नकारात्मक असरको निष्कर्ष सार्वजनिक गरेका कारण उनलाई बर्खास्त गरिएको थियो। बेलायतमा शव व्यवस्थापन केन्द्रका निर्देशक जोन ओलुनीका अनुसार अहिले पहिलेभन्दा धेरै बच्चा मरेका छन्। त्यसको कारण तिनका आमालाई भ्रममा पारेर गर्भावस्थामा खोप लगाइएको थियो।

त्यस्तै मातृ र नवजात टिटानस उन्मूलन खोप अभियानको पर्दा पछाडिका पनि डरलाग्दा र भयानक तथ्यहरू छन्। प्रजननविरुद्ध खोपहरूको विकास सन् १९७० को दशकमा कथित अत्यधिक जनसङ्ख्याको प्रतिक्रियामा शुरू भएको थियो। प्रजनन नियमनका लागि खोपहरूमा विश्व स्वास्थ्य सङ्गठन टास्क फोर्सका अनुसन्धानकर्ताहरूले टिटी अर्थात् धनुष्टङ्कार खोपमा बिटा-एचसिजी र म्युरामाइल डाइपेप्टाइड नियोजित तरीकाले सफलतापूर्वक संयोजित गरेका थिए। सन् १९९३ मा विश्व स्वास्थ्य सङ्गठनले सार्वजनिकरूपमा त्यही खोपलाई 'परिवार योजना'को लागि 'जन्म-नियन्त्रण' खोप घोषणा ग¥यो। पहिलोपटक सन् १९९५ मा र दोस्रोपटक २०14 मा केन्यामा मातृ र नवजात शिशु टिटानस उन्मूलन/न्यूनीकरण गर्नलाई विश्व स्वास्थ्य सङ्गठनले त्यही खोप चलाएको थियो। यसमा लाखौं केन्याली महिलाको ज्ञान वा सहमतिविना गर्भधारण गर्न सक्ने क्षमता खोसिएको थियो। पछि बच्चा जन्माउने उमेरका युवतीलाई नपुङ्सक बनाइदिएको आरोप लागेको थियो।

हरेक देशले महामारीविरुद्ध बनेका खोपहरूको आआफ्नो देशमा आवश्यक परीक्षण गरेर मात्र जनसमुदायमा खोप अभियान चलाउनुपर्दछ। यसले खोपको उद्देश्य, प्राथमिकता, जटिलता र संयोजन पत्ता लगाउन मदत गर्दछ। समग्रमा महामारीले व्यक्ति, समुदाय र समाजमा बहुआयामिक र दूरगामी प्रभाव पार्छ। यसले सार्वजनिक जनस्वास्थ्य आपतकालीन अवस्थाहरूलाई सम्बोधन गर्न व्यापक तयारी, लचिलोपन र विश्वव्यापी सहयोगको महत्त्वलाई जोड दिन्छ। जबसम्म कोरोना भेरिएन्टको नामाकरण 'ओमेगा' हुँदैन, तबसम्म कोरोना भाइरस विश्वबाट पूर्णरूपमा निर्मूल नहुने अनुमान गर्न सकिन्छ।

कोभिड-१९ महामारीको समयमा नेपालको स्वास्थ्य क्षेत्र र जनजीवन एकदम भयावह, नाजुक र धराशायी स्थितिमा थियो। पर्याप्त सघन कक्ष, आवश्यक अक्सिजन आपूर्ति, चिकित्सक, स्वास्थ्यकर्मी, अत्यावश्यक चिकित्सा उपकरण र औषधिहरूको चरम अभाव थियो। नेपालले त्यस समयलाई ध्यानमा राख्दै समयमैं भविष्यमा देखा पर्ने महामारीहरूविरुद्ध पूर्वतयारीका अभ्यास (रोकथाम-नियन्त्रण) गरी कार्यान्वयन गरेमा आगामी दिनमा सबै क्षेत्रका जनतालाई समानरूपमा स्वास्थ्य सेवा उपलब्ध गराउन सहज हुन सक्छ। यसले मृत्युदर कम गर्न पनि मदत गर्नेछ। नेपालले यी तथ्यहरूलाई समग्र तयारी रणनीतिमा समाहित गरी विभिन्न देश र अन्तर्राष्ट्रिय स्वास्थ्य संस्थाहरूसँग समन्वय गरेर महामारीहरूको सामना गर्न लचिलोपन र क्षमता वृद्धि गर्नुपर्दछ, जसले स्वास्थ्य, अर्थतन्त्र र समाजमा महामारीको सम्भावित प्रभावलाई कम गर्न मद्दत गर्दछ।

–लेखक वीर अस्पतालमा कार्यरत छन्।

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | उदरपीडा | वृष | विजय |
| मिथुन | धनलाभ | कर्कट | भाग्योदय |
| सिंह | खर्चवृद्धि | कन्या | धनलाभ |
| तुला | सफलता | वृश्चिक | प्रगति |
| धनु | वादविवाद | मकर | यात्रालाभ |
| कुम्भ | शत्रुपराजय | मीन | सुसमाचार |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# आदर्शनगर रङ्गशालाको मुद्दा महानगरको पक्षमा

प्रस, वीरगंज, २३ असार/

वीरगंज महानगरपालिका–१० स्थित आदर्शनगर रङ्गशालाअगाडिको जग्गाको विवादमा एक दशकपछि सर्वोच्चले वीरगंज महानगरको पक्षमा फैसला दिएको छ।


तस्वीर: प्रतीक

करीब साढे तीन कट्ठा सो जग्गामा वीरगंज महानगरपालिका–३ छपकैया निवासी जुगुनु राज्यलक्ष्मी शाहले आफ्नो दाबी गर्दै आएकी थिइन्।

पर्सा जिल्ला अदालत र तत्कालीन पुनरावेदन अदालत हेटौंडाले यो मुद्दा शाहको हकमा गरेका थिए भने सो फैसलाविरुद्ध महानगरपालिकाले सर्वोच्चमा मुद्दा दायर गरेकोमा आइतवार सर्वोच्च अदालतले महानगरको हकमा फैसला गरेको नगरप्रमुख राजेशमान सिंहका जनसम्पर्क सल्लाहकार नवराज फुयाँलले बताए।

उनले जिल्ला र पुनरावेदन अदालतको फैसलामा चित्त नबुझेको भन्दै तत्कालीन वीरगंज उपमहानगरले मुद्दा दोहोऱ्याइ पाउनका लागि २०६८ साउन २० गते सर्वोच्चमा मुद्दा दायर गरेको बताए। सो सम्बन्धमा सर्वोच्चले २०७१ असार २० गते मुद्दा दोहोऱ्याइ हेरी पाउनका लागि निस्सा दिएको उनले बताए। त्यसपछि पटकपटक पेसी चढेर विभिन्न आदेश हुँदै आज भने सर्वोच्च अदालतका न्यायाधीशद्वय डा कुमार चूडाल र कुमार रेग्मीको संयुक्त इजलासले जिल्ला र पुनरावेदन अदालतको फैसला उल्टयाउँदै सो जग्गाको फैसला महानगरपालिकाको पक्षमा गरेको सल्लाहकार फुयाँलले बताए।

सर्वोच्चमा आज महानगरको पक्षबाट अधिवक्ता कमलमोहन पोखरेल, प्रमोद प्रसाद, सुरेश पोखरेल, ईश्वर बराल र धनबहादुर थापाले बहस गरेका थिए भने शाहको तर्फबाट पूर्वमहान्यायाधिवक्तासमेत रहेका महादेव यादव, वरिष्ठ अधिवक्ता हरिहर दाहाल, अधिवक्ता सुधीर कर्णलगायतका कानून व्यवसायीले बहस पैरवी गरेका थिए।

तत्कालीन छपकैया गाउँ पञ्चायत–७ हाल वीरगंज महानगरपालिका–१० आदर्शनगर रङ्गशालाअगाडि मुख्य गेटको पश्चिमतर्फको कित्ता नं ५७ को तीन कट्ठा नौ धुर जग्गा सर्वोच्चको फैसलापछि अब महानगरको अधीनमा आएको छ। पशुपति आदर्शनगर समितिले तत्कालीन अवस्थामा अधिग्रहण गरेर लिएको उक्त जग्गा शाहले आफ्नो दाबी गर्दै आएकी थिइन्। शाहले दाबी गर्दै आए पनि सो जग्गामा अघोषितरूपमा तत्कालीन नगरपञ्चायतदेखि हाल महानगर हुँदासम्म शाहको भोगमा भने छैन। त्यसमा महानगरकै भोग रहेको थियो। सो जग्गामा शुरूमा एसटिएफ र अहिले आदर्शनगर प्रहरी चौकी तथा महानगरको कान्जी हाउस रहेको छ। केही वर्ष सो जग्गामा बास्केट बलको मैदान पनि बनाइएको थियो।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |

## गर्मीयाममा लाग्न सक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको, बासी, जथाभावी राखिएका खानेकुरा नखाऔं,
- खुला स्थानमा राखिएका चटपटे, पानीपुरी, मःम, चाउमिनजस्ता खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसालेदार खाना नखाऔं,
- घरबाहिर हिंड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन वा बसोबास गर्ने आसपासका क्षेत्रमा पानी जम्ने, खाल्डाखुल्डी, फोहोरको थुप्रो, कुहिएका वस्तुहरू भएमा हटाइ सफा राखौं,
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड




**आयात ...**

दुर्गा पाण्डेसँग समयमा मल किन आउँदैन र किसानले बाली लगाएको बेला आवश्यकता अनुसार किन पाउँदैनन् भनेर प्रश्न गरेको बताए।

किसानहरूको प्रश्नको जवाफमा प्रमुख पाण्डेले मागबमोजिमको मल सरकारले आयात नगरेकै कारण समस्या हुने गरेको बताए। उनले माग बढी हुने गरेको तर अनुदानमा मल वितरण गर्दा सरकारलाई अर्बौं घाटा हुँदा माग अनुसारको आयात गर्न नसकेर समस्या बढेको बताए। उनले बर्सेनि कति मल आवश्यक छ, कुन बालीमा कति चाहिन्छ तथ्याङ्क पनि नरहेको र लमसम माग अनुसार आयात पनि नहुने गरेकोले समस्या भएको बताएका थिए। उनले सरकारले किसान कार्ड बनाउन नसकेको र कसलाई कुन मल कति आवश्यक छ, त्यसको लेखाजोखा पनि नगरेको कारण समस्या विद्यमान रहेको बताए। उनले यससम्बन्धी कार्यनीति बनाएको भएपनि अहिले देखिएको विकराल समस्यामा केही सुधार हुने बताए।

प्रमुख पाण्डेले सरकारले डिएपी रु चार हजार आठ सयमा प्रतिबोरा खरीद गरेर दुई हजार छ सय अनुदान दिएर दुई हजार दुई सयमा बिक्री गर्दै आएको बताए। यसैगरी, युरिया तीन हजारमा खरीद गरेर दुई हजार २५० अनुदान दिएर ७५० मा बिक्री गर्दै आएको बताए। सरकारले मल आयातको लागि कुल ३० अर्ब छुट्याउने गरेको र त्यसमध्ये ७० प्रतिशत कृषि सामग्री कम्पनीले र ३० प्रतिशत साल्ट ट्रेडिङ कम्पनीमार्फत मल आयात हुने गरेको बताए।

कृषि सामग्रीले वीरगंज नाकाबाट भित्र्याएको कुल मल मधेस प्रदेशका आठ जिल्लाका १३६ पालिकाले जम्मा २६ दशमलव पाँच प्रतिशत मात्र पाउने गरेको बताए। किसानले पहिलेभन्दा मलको खपत पनि बढाउँदै जाँदा मलको आपूर्ति असहज हुँदै गएको उनले बताए। किसानले माटोको परीक्षण गराइ कृषि विज्ञबाट कुन मल कति आवश्यक छ यकीन गरेर सोअनुरूपको वितरण प्रणालीको विकास भएमा विद्यमान मलको समस्या केही मात्रामा समाधान हुने उनको तर्क छ। उनले अहिले किसानहरूले आफूखुसी तीन किसिमका मल युरिया, डिएपी र पोटास बालीहरूमा प्रयोग गर्दै आएकामा सुधार आवश्यक रहेको बताए।

# खेलकूदको संसार

## एपिएफ र सुदूरपश्चिमलाई बास्केटबल प्रतियोगिताको उपाधि

काठमाडौं, २३ असार/रासस

नेपाल एपिएफ क्लब र सुदूरपश्चिम प्रदेशले पारा तथा विशेष खेलकूद अन्तर्गत ह्वीलचेयर बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन्। एपिएफ पुरुष र सुदूरपश्चिम महिलामा च्याम्पियन बनेका हुन्।




राष्ट्रिय खेलकूद परिषद् (राखेप)को आयोजना तथा नेपाल स्पाइनल कर्ड इन्जुरी खेलकूद सङ्घको व्यवस्थापनमा कैलालीको अत्तरखेलस्थित बौद्ध इन्टरनेशनल स्कूलको इन्डोर हलमा भएको पुरुष फाइनलमा एपिएफले बाग्मती प्रदेशलाई ३९–२० ले पराजित गऱ्यो।

गण्डकी प्रदेशले सुदूरपश्चिमलाई २६–१६ ले हराउँदै तेस्रो भयो। महिलाको उपाधि भिडन्तमा सुदूरपश्चिमले कोशी प्रदेशलाई १५–१० ले पाखा लगायो। लुम्बिनीले कर्णाली प्रदेशलाई १२–८ ले पन्छाउँदै तेस्रो बन्यो।

विजेतालाई राखेपकी सदस्य एवं प्रतियोगिता संयोजक पेमा डोल्मा लामा, नेपाल स्पाइनल कर्ड इन्जुरी खेलकूद सङ्घकी अध्यक्ष देवी आचार्यलगायतले पुरस्कार प्रदान गरे।

## विपुल र रवि टेबलटेनिस च्याम्पियन

काठमाडौं, २३ असार/रासस

रिभाइभ टेबलटेनिस क्लबका विपुल महर्जन र रवि धाक्वाको जोडी पाँचौं 'इन्टरटेन्मेन्ट टेबलटेनिस' प्रतियोगितामा च्याम्पियन बनेका छन्।



महालक्ष्मीस्थानस्थित रिभाइभ लिजर पार्कमा आइतवार भएको फाइनल खेलमा विपुल र रविको जोडीले आफ्नै क्लबका कैलाश श्रेष्ठ र प्रवेश बस्नेतको जोडीलाई ९–११, ११–६, ११–६ र १४–१२ को सेटमा पराजित गरे। विजेताले रु ४० हजार र उपविजेताले रु ३० हजार नगद पुरस्कार प्राप्त गरेका छन्।

इन्टरटेन्मेन्ट टेबलटेनिस ग्रुपको आयोजनामा भएको उक्त प्रतियोगितामा गोड स्पिन टेबलटेनिस एकेडेमीका सुरज बज्राचार्य र सञ्जय शाक्य तथा स्टचाग च्याम्पियन्स एकेडेमीका सुमन शाक्य र सुस्मिता खड्काको जोडी तेस्रो भए। तेस्रो हुने जोडीले समान रु १०/१० हजार पुरस्कार पाएका छन्।

सहभागिताका लागि सबैलाई खुला गरिएको प्रतियोगितामा एक मात्र डबल्स स्पर्धामा प्रतिस्पर्धा भएको थियो। डबल्समा पुरुष/महिला, पुरुष/पुरुष र महिला/महिला खेलाडीको जोडी मिलेर खेल्न पाउने प्रावधान थियो। प्रतियोगितामा १२८ खेलाडी सहभागी थिए।

उत्कृष्ट खेलाडीको उपाधि भने पुरुष/महिलामा छुट्टाछुट्टै प्रदान गरिएको थियो। पुरुषमा रिभाइभका एलेक्स महर्जन र महिलामा राष्ट्रिय च्याम्पियन स्टचाग च्याम्पियन्स एकेडेमीकी नविता श्रेष्ठ उत्कृष्ट खेलाडी घोषित भए। दुवैले जनही रु १० हजार नगद पुरस्कार जिते।

विजेतालाई बाग्मती प्रदेशका सांसद मीनकृष्ण महर्जन, साग स्वर्णधारी टेबलटेनिसका सिजरिन शाह र गीता शाह, ललितपुर जिल्ला टेबलटेनिस सङ्घका अध्यक्ष आशिष अवाले, आयोजक ग्रुपका अध्यक्ष सुमन खड्गीलगायतले पुरस्कार प्रदान गरेका थिए।

# विद्यालय सुधार योजनाबारे प्रशिक्षण


तस्वीर: सौजन्य

प्रस, वीरगंज, २३ असार/

युवालय ललितपुरको आयोजनामा आइतवार वीरगंजमा पर्सागढी नगरपालिकाका शिक्षकहरूलाई विद्यालय सुधार योजना निर्माणसम्बन्धी एक दिने प्रशिक्षण दिइएको छ।

कार्यक्रमका प्रशिक्षक मनोज वर्णवालले विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने अभिप्रायले कार्यक्रम आयोजना गरिएको बताए। उनले पर्सागढीका विद्यालयहरूले आवधिकरूपमा विद्यालय सुधार योजना निर्माण गरी सबै विद्यालयमा व्यवस्थापन एवं सुधार कार्यक्रम सञ्चालन गर्नुपर्ने नीतिगत व्यवस्थाबारे कार्यक्रममा जानकारी गराइएको बताए।

उनले एक दिने तालीममा पर्सागढी नगरपालिकाका आठ विद्यालयबाट तीन/तीनजना शिक्षकलाई सहभागी गराएर विद्यालय सुधार योजना तथा विद्यालयको वार्षिक तथा पञ्चवर्षीय योजना बनाउनेबारेमा प्रशिक्षण दिइएको बताए।

कार्यक्रम पर्सागढी नपा शिक्षा शाखा प्रमुख देवकुमार गिरीको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो।